# वन तथा वातावरणको क्षेत्रमा जलवायु परिवर्तन व्यवस्थापनका लागि योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७७

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं
२०७७

प्रकाशक : नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

स्वीकृत मिति : २०७७ पौष ३ गते

निर्णय स्तर : नेपाल सरकार (माननीय मन्त्रीस्तर)

प्रकाशित प्रति : २०००

मुद्रण : वर्ल्डवाइड प्रिन्ट सोलुसन, ०१५५०२८९, wpsnepal@gmail.com

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षि

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३
सिंहदरबार, काठ

पत्र संख्या :-

चलानी नं. :-



## प्राक्कथन

नेपाल जलवायु परिवर्तनको दृष्टिले अत्यन्त जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनको प्रतिकूल प्रभाव नेपाल लगायतका गरीब तथा विकासोन्मुख देशहरूमा तुलनात्मक रूपमा बढी परिरहेको छ । नेपालको औसत तापक्रम वृद्धिदर समग्र विश्वको औसत वृद्धिदर भन्दा बढी छ भने वर्षा, हिमपात आदिको प्रवृत्ति र स्वरूपमा आएको परिवर्तनले अतिवृष्टि, अनावृष्टि तथा खण्डवृष्टि बढिरहेको छ। बाढी, पहिरो तथा डढेलो जस्ता मौसमजन्य प्रकोपहरूमा तीव्रता आएका कारण नेपालमा प्राकृतिक श्रोत एवं धनजनको क्षति हुनुको साथै जीविकोपार्जनमा प्रतिकूल प्रभाव परेको छ । अन्य विभिन्न क्षेत्रमा जस्तै वन तथा जैविक विविधतामा जलवायु परिवर्तनको प्रभाव समग्रमा नकारात्मक पाईएको छ ।

नेपाल सरकारले जलवायु परिवर्तनका कारण सृजित समस्याहरूलाई सम्वोधन गर्न प्रतिबद्धता र राष्ट्रिय आवश्यकता अनुरूप आफ्नो दायित्व निर्वाह गर्दै आएको छ । यसै क्रममा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागु गरिएको छ । यस नीतिले राज्यका सबै तह र विषयगत क्षेत्रका नीति,रणनीति, विकास योजना र कार्यक्रमहरूमा जलवायु परिवर्तनका मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्ने उद्देश्य राखेको छ । यस नीतिले विशेष गरी जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बन्धित राष्ट्रिय नीति, रणनीति तथा योजनाहरूको कार्यान्वयन स्थानीय तहबाट गरिनेछ भनी स्पष्ट किटान गरेको छ । जलवायु परिवर्तनको समस्या सम्बोधनका लागि बिभिन्न स्तरमा विभिन्न सरोकारवालाहरूबीच नियमित सहकार्य तथा संवाद मार्फत स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन गर्न समेत प्राथमिकता दिनु पर्ने आवश्यकता छ ।

राष्ट्रिय जलवायु परिवर्तन नीतिले वन, जैविक विविधता र जलाधारको क्षेत्रमा जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको विकास गरी दिगो वातावरणीय सेवाहरूको सुनिश्चितता गर्न जोड दिएको छ । यसको लागि वन तथा वातावरण क्षेत्रको योजना तर्जुमा र बजेट विनियोजनको चरणमा नै जलवायु परिवर्तनको विषयलाई एकीकृत गर्न जरुरी रहेको सन्दर्भमा यो दिग्दर्शन तयार गरिएको हो ।

यो दिग्दर्शन तयारीको क्रममा सरोकारवालाहरूको सहभागिता तथा प्राप्त सुझावहरूलाई समेत ग्रहण गरी अन्तिम रुपमा दिईएको हुँदा यसको प्रभावकारी कार्यान्वयन हुनेमा म आशाबादी छु । अन्तमा, यो दिग्दर्शन तयार गर्ने कार्यमा संलग्न वन तथा वातावरण मन्त्रालयका साथै रचनात्मक सुझाव प्रदान गर्नु हुने सम्पूर्ण सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छु ।

(प्रेमबहादुर आले)

मन्त्री

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :-



## दुई शब्द

नेपालमा विगत केही दशकयता जलवायु परिवर्तनको नकारात्मक प्रभावको जोखिम बढिरहेको छ । बाढी, पहिरो, डढेलो तथा खडेरी जस्ता जलवायुजन्य प्रकोपहरूका कारण ठूलो मात्रामा जनधनको क्षति भईरहेको छ भने कृषि, जलस्रोत, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, ऊर्जा तथा पूर्वाधार विकासका क्षेत्रहरूमा समेत जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू देखा परेका छन् । नेपाल सरकारले जलवायु परिवर्तनका मुद्दा सम्बोधन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहलकदमी लिंदै आएको छ । यसै क्रममा जलवायु परिवर्तनका प्रभावहरूको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्नेतर्फ विभिन्न तह र विषयगत क्षेत्रहरूमा नीतिगत मार्गनिर्देश गर्ने उद्देश्यले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागु गरिएको छ भने स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०७७ तयार गरी त्यस खाका बमोजिम तर्जुमा गरिएका स्थानीय अनुकूलन कार्ययोजनाहरू सफलतापूर्वक कार्यान्वयन गरिंदै आएका छन् । यसले योजना निर्माणको प्रक्रियामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई आधार बनाउनुपर्ने कुरा समेत उल्लेख गरेको छ । यी प्रावधानहरूले स्थानीय तहका योजनाहरूमा जलवायु परिवर्तनलाई एकीकृत गर्ने अवसर सृजना गरेको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०६९/७० देखि जलवायु परिवर्तन सम्बन्धी बजेट संकेतको अभ्यास गर्दै आएको छ । यसबाट बजेट विनियोजनमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यका लागि बजेटको सुनिश्चितता गर्न र प्रगति मापन गर्न सहज भएको छ । तर विकास योजनाहरूमा जलवायु परिवर्तनको विषयलाई एकीकृत गरी जलवायु परिवर्तन नीतिको उद्देश्य हासिल गर्न बजेट कोडको प्रयोग मात्र अपर्याप्त हुने हुँदा यो विषयलाई योजना तर्जुमाकै चरणमा सम्बोधन गर्नुपर्ने देखिन्छ । यसका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी योजना तर्जुमा र प्राथमिकिकरण गर्न सक्ने छन् । यसै पृष्ठभूमिमा वन तथा वातावरण क्षेत्रका कार्यक्रम तथा योजना तर्जुमा गर्ने क्रममा जलवायु परिवर्तन सम्बन्धी विषयलाई मूलप्रवाहीकरण गर्न सहजीकरण गर्ने उद्देश्यले यो "वन तथा वातावरणको क्षेत्रमा जलवायु परिवर्तन व्यवस्थापनका लागि योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७७" जारी गरिएको छ ।

यो दिग्दर्शन तयारीको लागि विभिन्न चरणहरूमा वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत विभिन्न सरोकारवालाहरूसँग प्रत्यक्ष रूपमा परामर्श गरिएको र प्राप्त सुझावहरूका आधारमा मस्यौदालाई अन्तिम रूप दिईएको हो । यस दिग्दर्शनको प्रभावकारी कार्यान्वयनबाट विकास योजना तर्जुमाकै चरणमा जलवायु तथा वातावरणका विषयहरू सम्बोधन भई दिगो विकासका लागि योगदान पुग्नेमा विश्वास गर्दछु । यो दिग्दर्शन तयार गर्ने कार्यमा संलग्न वन तथा वातावरण मन्त्रालय मातहतका जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, योजना, अनुगमन तथा समन्वय महाशाखा, कानून तथा फैसला कार्यान्वयन शाखाका पदाधिकारीहरू, आर्थिक, प्राविधिक तथा रचनात्मक सुझाव प्रदान गर्नु हुने परियोजना तथा सम्पूर्ण सरोकारवालाहरूलाई धन्यबाद दिन चाहन्छु ।

(डा. विश्वनाथ ओली)

सचिव

# विषयसूची


**अध्याय एकः परिचय** १

१.१ पृष्ठभूमि १

१.२ उद्देश्य २

१.३ दिग्दर्शनको दायरा (Scope) २

**अध्याय दुईः योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया** ३

२.१ परिचय ३

२.२ संघीय तहको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया ३

२.३ वन तथा वातावरण मन्त्रालयको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया ४

२.४ प्रदेशको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया ४

२.५ प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया ४

२.६ स्थानीय तहको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया ४

२.७ समुदायमा आधारित संघ-संस्थाहरूको योजना तर्जुमा प्रकृया ५

**अध्याय तीनः योजना तर्जुमा प्रकृयामा जलवायु परिवर्तनका विषयहरूको समायोजन** ६

३.१ परिचय ६

३.२ समायोजन गर्नुपर्ने विषयगत क्षेत्र तथा उपक्षेत्रहरू ६

३.३ योजना तर्जुमा प्रक्रियामा जलवायु उत्थानशीलताको समायोजन प्रकृया ७

३.३.१ उपभोक्ता समूहहरू ७

३.३.२ निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, वृहद जलाधार व्यवस्थापन कार्यालय, डिभिजनल वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालय ९

३.३.३ प्रदेश वन निर्देशनालय ११

३.३.४ प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय १२

३.३.५ नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र मातहतका विभाग, केन्द्र र समितिहरू १४

**अध्याय ४: जलवायु परिवर्तन बजेट संकेत (Climate Change Budget Code)** १७

४.१ परिचय १७

४.२ वन तथा वातावरण क्षेत्रमा जलवायु परिवर्तन बजेट संकेत प्रयोग गर्ने तरिका १७

४.३ बजेट संकेत अनुसार खर्चको लेखाजोखा १९

**५. अनुसूचीहरू** **२०**
अनुसूची १: जलवायु परिवर्तनको असर विश्लेषण २०
अनुसूची २: जलवायु सकंटासन्नता तथा अनुकूलन र न्यूनीकरण मूल्यांकन विधि २१
अनुसूची ३: जलवायु अनुकूलन र न्यूनीकरण कार्यहरूको पहिचान विधि २२
अनुसूची ४: जलवायु अनुकूलन र न्यूनीकरण कार्यहरूको प्राथमिकीकरण विधि २३
अनुसूची ५: जलवायु उत्थानशील कार्यक्रम छनौट औजार (Screening Tools) २५
अनुसूची ६: जलवायु बजेट कोडिङका आधारहरू २६
अनुसूची ७: वन तथा वातावरण सम्बन्धी कार्यक्रम तथा क्रियाकलापहरूको नमूना २७
अनुसूची ८: वन तथा वातावरण सम्बन्धी कार्यक्रमहरूलाई जलवायु बजेट संकेत दिने तरिका सम्बन्धी एक उदाहरण २८
अनुसूची ९: जलवायु परिवर्तन सम्बन्धी बजेट तथा खर्चको प्रतिवेदन फारम २९
अनुसूची १० : जलवायु परिवर्तन सम्बन्धी खर्चको विवरणात्मक प्रतिवेदन ३०
अनुसूची ११ : परामर्शमा सहभागी संस्था तथा व्यक्तिहरू ३१
अनुसूची १२: सन्दर्भ सामग्री ३२

# अध्याय एक: परिचय

## १.१ पृष्ठभूमि

नेपाल जलवायु परिवर्तनको दृष्टिले अत्यन्त जोखिममा रहेको मुलुक हो। जलवायु परिवर्तनको प्रतिकूल प्रभाव नेपाल लगायतका गरीब तथा विकासोन्मुख देशहरूमा तुलनात्मक रूपमा बढी परिरहेको छ। नेपालको औसत तापक्रम वृद्धिदर समग्र विश्वको औसत वृद्धिदर भन्दा बढी छ भने वर्षा, हिमपात आदिको प्रवृत्ति र स्वरूपमा आएको परिवर्तनले अतिवृष्टि, अनावृष्टि तथा खण्डवृष्टि बढिरहेको छ। बाढी, पहिरो तथा डढेलो जस्ता मौसमजन्य प्रकोपहरूमा तीव्रता आएका कारण नेपालमा प्राकृतिक स्रोत एवं धनजनको क्षति हुनुको साथै जीविकोपार्जनमा प्रतिकूल प्रभाव परेको छ। अन्य विभिन्न क्षेत्रमा जस्तै वन तथा जैविक विविधतामा जलवायु परिवर्तनको प्रभाव समग्रमा नकारात्मक पाईएको छ। विशेषतः रैथाने वनस्पतिहरूको लोपोन्मुखता, बासस्थानको क्षयीकरण, नयाँ मिचाहा प्रजातिका वनस्पतिहरूको फैलावट तथा रोग र कीराको प्रकोपमा वृद्धि जस्ता समस्याहरू वन तथा जैविक विविधताको क्षेत्रमा देखा परेका छन्।

नेपाल सरकारले जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरूलाई सम्वोधन गर्न अन्तर्राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय आवश्यकता अनुरूप आफ्नो दायित्व निर्वाह गर्दै आएको छ। यसै क्रममा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागु गरिएको छ। विभिन्न आठवटा विषयगत तथा चारवटा अन्तर विषयगत क्षेत्रसँग सम्वद्ध नीति, रणनीति तथा कार्यनीतिहरू समावेश गरिएको यस नीतिले वन, जैविक विविधता र जलाधारको क्षेत्रमा जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको विकास गरी दिगो वातावरणीय सेवाहरूको सुनिश्चितता गर्न जोड दिएको छ। यसको लागि वन तथा वातावरण क्षेत्रको योजना तर्जुमा र बजेट विनियोजनको चरणमा नै जलवायु परिवर्तनको विषयलाई एकीकृत गर्न जरूरी छ।

नेपालमा आर्थिक वर्ष २०६९/७० देखि जलवायु परिवर्तन सम्बन्धी बजेट संकेतको अभ्यास गरिँदै आएको छ। यसबाट बजेट विनियोजनमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यका लागि बजेटको सुनिश्चितता गर्न र प्रगति मापन गर्न सहज भएको छ। तर विगत केही वर्षको सिकाईबाट विभिन्न तह र क्षेत्रका विकास योजनाहरूमा जलवायु परिवर्तनको विषयलाई एकीकृत गरी जलवायु परिवर्तन नीतिको उद्देश्य हासिल गर्न बजेट कोडको प्रयोग मात्र अपर्याप्त हुने हुँदा यो विषयलाई योजना तर्जुमाकै चरणमा सम्बोधन गर्नुपर्ने देखिन्छ। वातावरण संरक्षण नियमावली २०७७ को नियम २५ को उपनियम १ र ३ मा क्रमशः जलवायु परिवर्तनको अवस्था, यसबाट परेको असर तथा उत्पन्न जोखिमका बिषयमा वन तथा वातावरण मन्त्रालयले र तापक्रम, वर्षा र जलप्रवाह लगायतका जलवायुजन्य अवयवहरूको आधारमा जलवायु परिवर्तन परिदृष्य सम्बन्धी बिषयमा जल तथा मौसम विज्ञान विभागले प्रत्येक पाँच वर्षमा राष्ट्रिय प्रतिवेदनहरू प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ भने सोही नियमको उपनियम ४ मा उक्त प्रतिवेदनहरूको आधारमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी योजना तर्जुमा र प्राथमिकीकरण गर्न सक्ने उल्लेख छ। यसै पृष्ठभूमिमा वन तथा वातावरण क्षेत्रका कार्यक्रम तथा योजना तर्जुमा गर्ने क्रममा जलवायु परिवर्तन सम्बन्धी विषयलाई मूलप्रवाहीकरण गर्न सहजीकरण गर्ने उद्देश्यले यो "वन तथा वातावरणको क्षेत्रमा जलवायु परिवर्तन व्यवस्थापनका लागि योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७७" जारी गरिएको छ।

## १.२ उद्देश्य

यो दिग्दर्शनको मुख्य उद्देश्य वन तथा वातावरण क्षेत्रका विकास योजना, कार्यक्रम र बजेटमा जलवायु परिवर्तनको विषयलाई एकीकृत गर्दै प्राकृतिक, सामाजिक तथा आर्थिक प्रणालीलाई जलवायु उत्थानशील बनाउन योगदान गर्नु हो । यसका बिशिष्ठ उद्देश्यहरू निम्न छन् :

क) संघ, प्रदेश र स्थानीय तहका वन तथा वातावरण क्षेत्रका कार्यक्रम र योजनाहरूलाई जलवायु उत्थानशील बनाउन आवश्यक विधि र अभ्यासका लागि सहजीकरण गर्नु ।

ख) जलवायु परिवर्तन सम्बन्धी विषयलाई वन तथा वातावरण क्षेत्रको योजना तथा बजेट तर्जुमा प्रकृयादेखि नै सम्बोधन हुने गरी जलवायु परिवर्तन बजेट संकेत (Code) को प्रयोगद्वारा जलवायु वित्तको ट्रयाकिंग गर्ने व्यवस्थामा सुधार गर्नु, र

ग) जलवायु वित्त र प्रविधिलाई लैंगिक समानता, सामाजिक समावेशीकरण र गरीबी न्यूनीकरणमा प्रयोग गरी न्यायोचित बनाउनु ।

## १.३ दिग्दर्शनको दायरा (Scope)

यस दिग्दर्शनले वन तथा वातावरण क्षेत्रका योजना, कार्यक्रम र बजेटलाई जलवायु उत्थानशीलताको दृष्टिकोणबाट विश्लेषण गर्न सजिलो हुनेछ । यसबाट प्रस्तावित कार्यक्रमहरू मध्ये कुन कार्यक्रम र कति बजेट जलवायु उत्थानशील छन् भन्ने पहिल्याउन मद्दत गर्दछ । यसैगरी, योजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गर्दा उच्च प्राथमिकतामा परेका तर जलवायु उत्थानशीलताका दृष्टिले विश्लेषण गर्दा कम उत्थानशील देखिएका योजना तथा कार्यक्रमहरूलाई उत्थानशील बनाउने निर्णय गर्न सहज गराउँछ ।

योजनाहरू स्थानीय स्तरमा छनौट हुने बेलाबाट नै तिनीहरूको जलवायु उत्थानशीलताको आधारमा समेत वर्गीकरण भएर आउने हुँदा यसले सम्बन्धित प्रदेश तथा संघीय मन्त्रालयको बजेट सूचना प्रणाली (LMBIS – Line Ministry Budget Information System) मा रिपोर्टिङ्गका लागि सहयोग पु-याउनुका साथै जलवायु वित्तको क्षेत्रमा गरिएको लगानी र लगानीका चुनौतीहरू आंकलन गर्न सहयोग पुर्याउँछ । यो दिग्दर्शनको प्रमुख प्रयोगकर्ता वन तथा वातावरण मन्त्रालय, यस अन्तर्गतका विभागहरू, प्रदेश सरकारका वन तथा वातावरणसँग सम्बन्धित मन्त्रालय तथा निकायहरू र स्थानीय तहमा प्राकृतिक स्रोत व्यवस्थापन साथै वातावरण सम्बन्धी कार्यक्रम, योजना तर्जुमा र बजेट विनियोजन प्रक्रियामा संलग्न सरकारी निकाय, प्राकृतिक स्रोत व्यवस्थापन गर्ने स्थानीय उपभोक्ता समूहहरू[1] र निजी क्षेत्र हुन् ।

यसैगरी, दिग्दर्शनले वन तथा वातावरण क्षेत्रका सरकारी योजनाका साथै गैरसरकारी संस्था, राष्ट्र संघीय संस्थाहरू तथा विकासका साझेदारहरूका सहयोगमा सञ्चालन हुने आयोजना/परियोजनाहरूको तर्जुमा र कार्यान्वयनमा गुणस्तर कायम गर्नका साथै अनुगमन गर्न समेत सहयोग पुर्याउँछ । यो दिग्दर्शन जलवायुमैत्री योजना तर्जुमा तथा बजेट विनियोजन सम्बन्धी चासो राख्ने सबै मन्त्रालय, विभाग, प्रदेश तथा स्थानीय सरकार, व्यक्ति तथा संस्थाहरूलाई मार्गदर्शनका रूपमा समेत उपयोगी हुनेछ ।

---

१ उपभोक्ता समूह भन्नाले वन, जल, कृषि, मध्यवर्ति क्षेत्र लगायत जलवायु परिवर्तनका कार्यक्रम संचालन गर्ने सबै समूहहरूलाई जनाउँदछ ।

# अध्याय दुई: योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया

## २.१ परिचय

नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार सहितको संघीय व्यवस्था विद्यमान छ । संवैधानिक व्यवस्था अनुरूप यी तीन वटै तहका सरकारहरूले वन तथा वातावरण लगायत अन्य विभिन्न क्षेत्रमा स्रोत व्यवस्थापन एवं विकासका गतिविधिहरू संचालन गर्दछन् । यस अध्यायमा संघ, प्रदेश र स्थानीय तहका साथै सामुदायिक स्तरमा वन तथा वातावरण क्षेत्रमा अवलम्बन गरिने योजना तर्जुमा र बजेट विनियोजन प्रकृयाको संक्षिप्त रूपरेखा दिईएको छ ।

## २.२ संघीय तहको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया

राज्य सञ्चालनको संघीय पद्दति र संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहले गर्ने योजना तर्जुमा र बजेट विनियोजन प्रक्रियाहरू निर्धारण गरिएका छन् । ती प्रक्रिया अनुसार संघमा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाका आधारमा हरेक वर्ष आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पेश गर्दछन् । त्यसरी पेश भएका मध्यमकालीन खर्च संरचना समेतको आधारमा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा रहेको राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको आंकलन गरी आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा र मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा मन्त्रालयमा पठाउँछ । यसका आधारमा मन्त्रालयहरूले आफू मातहतका कार्यालय वा निकायहरूका कार्यक्रम र बजेट तयारीका लागि आवश्यक सहजीकरण गर्दछन् ।

सम्बन्धित कार्यालय तथा निकाय समेतबाट प्राप्त योजना र बजेटलाई मन्त्रालयस्तरमा समीक्षा गरी आगामी वर्षको नीति तथा कार्यक्रम सहितको बजेट प्रस्ताव राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पेश गरिन्छ । राष्ट्रिय योजना आयोग अन्तर्गतको सम्बन्धित समितिले मन्त्रालयस्तरका योजना तथा बजेटको अनुमोदन गर्दछ । सोही अनुसार अर्थ मन्त्रालयबाट वजेट विनियोजन भई मन्त्रिपरिषदले पारित गर्दछ । मन्त्रिपरिषदबाट पारित बजेट विनियोजन विधेयकका रूपमा अर्थमन्त्रीद्वारा संसदमा छलफल र स्वीकृतिका लागि पेश हुन्छ । संसदबाट अनुमोदन पश्चात् बजेट कार्यान्वयन प्रकृया प्रारम्भ हुन्छ ।

अर्थ मन्त्रालयले संघीय सरकारबाट सम्पादन हुने विकास योजनाहरूको विस्तृत बजेट विनियोजन गर्दछ भने प्रदेश र स्थानीय सरकारबाट कार्यान्वयन हुने योजनाहरूको हकमा सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान तथा विशेष अनुदानका रूपमा बजेट विनियोजन गर्दछ । यस प्रयोजनको लागि राष्ट्रिय योजना आयोगबाट संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ कार्यान्वियनमा ल्याईएको छ । प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रभित्र सशर्त, समपूरक तथा विशेष अनुदानबाट कार्यान्वयन गरिएको आयोजना/कार्यक्रमको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय समक्ष पेश गर्नु पर्दछ ।

## २.३ वन तथा वातावरण मन्त्रालयको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया

वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरूबाट प्राथमिकताका आधारमा ल्याईएका योजना तथा बजेटलाई प्राप्त बजेट सीमा र मार्गदर्शनको अधिनमा रही मन्त्रालय स्तरमा विश्लेषण गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पेश गरिन्छ। संघीय तहको बजेटले वन तथा वातावरण मन्त्रालय र सो अन्तर्गतका ४ वटा विभाग, २ वटा केन्द्र तथा ४ वटा समिति र सो अन्तर्गतका निकायहरू (जस्तै राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष आदि) को योजना, आयोजना तथा कार्यक्रमलाई समेटेको हुन्छ। यस बाहेक वन तथा वातावरणसँग सम्बन्धित कृयाकलापहरू संचालन गर्न प्रदेश सरकार तथा स्थानीय तहलाई सशर्त अनुदानको रूपमा समेत कार्यक्रम तथा बजेट विनियोजन गरिन्छ।

## २.४ प्रदेशको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया

प्रदेश नीति तथा योजना आयोगले बजेट सीमा तथा मार्गदर्शन बनाई प्रदेश अन्तर्गतका मन्त्रालयहरूमा पठाउँछ। सो बजेट सीमा तथा मार्गदर्शन अनुसार सम्बन्धित मन्त्रालयहरूले आफ्ना मातहतका निकायहरूलाई प्राथमिकताका कार्यक्रम र बजेट प्रस्ताव गर्न अनुरोध गर्दछन्। मातहतका निकायहरूबाट पठाईएका योजना तथा बजेटलाई प्रदेश मन्त्रालयले प्राप्त मार्गदर्शन तथा बजेट सीमा अनुसार आवश्यक परिमार्जन गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्दछ। आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश मन्त्री परिषद्बाट स्वीकृत भएपछि प्रदेश संसदमा प्रस्तुत गर्दछ। संसदबाट अनुमोदन पश्चात् कार्यान्वयन प्रकृया प्रारम्भ हुन्छ।

## २.५ प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया

प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आफ्नो मातहतको वन निर्देशनालय र वन निर्देशनालयले सम्बन्धित डिभिजन वन कार्यालय र भू-तथा जलाधार संरक्षण कार्यालय लगायतका निकायहरूलाई योजना तर्जुमा सम्बन्धी मार्गदर्शन र बजेट सीमा समेत दिई प्राथमिकताका कार्यक्रम प्रस्ताव गर्न अनुरोध गर्दछ। यसरी मातहतका निकायहरूबाट तयार गरी पठाईएका योजना तथा बजेटलाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्राप्त मार्गदर्शन तथा बजेट सीमा अनुसार आवश्यक परिमार्जन गरी प्रदेश नीति तथा योजना आयोग र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्दछ। यसरी पेश गरिने योजना तथा बजेटमा प्रदेश मन्त्रालय अन्तर्गतका निकायहरूका अतिरिक्त स्थानीय तहले कार्यान्वयन गर्ने गरी सशर्त अनुदानको रूपमा समेत कार्यक्रम तथा बजेट विनियोजन गरिन्छ।

## २.६ स्थानीय तहको योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रिया

स्थानीय तहलाई आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि संघीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने र संघीय विभाज्य कोषबाट राजस्व बाँडफाँड गर्ने व्यवस्था समेत संविधानमा उल्लेख छ। स्थानीय तहले संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँटका माध्यमबाट प्राप्त स्रोतका अतिरिक्त आन्तरिक स्रोत परिचालन गरी आफ्नो अधिकार सूची भित्र परेका काम गर्न सक्ने व्यवस्था छ। स्थानीय तहमा योजना तर्जुमा गर्ने क्रममा सबै भन्दा पहिले पूर्व योजना तयारीको रूपमा स्रोत अनुमान गरी वडा स्तरमा योजना छनौट र प्राथमिकीकरण गरिन्छ। वडाबाट प्राथमिकीकरण सहित प्राप्त योजनाहरूलाई गाउँ वा नगरसभाबाट समीक्षा गरी स्वीकृत गरिन्छ। गाउँ वा नगरपालिकाका नियमित कार्यक्रमका अतिरिक्त स्थानीय स्तरमा कार्यरत वन तथा वातावरण सम्वद्ध निकायहरूसँग समेत समन्वय गरी प्रदेश सरकार तथा नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूमार्फत सहकार्य वा शसर्त अनुदानमा सम्पादन गरिने कार्यक्रमहरूको

योजना तथा बजेट प्रस्ताव गरिन्छ । सो प्रस्ताव स्वीकृत भएमा नेपाल सरकार वा प्रदेश सरकारले सोझै स्थानीय तहमा बजेट विनियोजन गर्दछ तर त्यसको कार्यान्वयनको निम्ति सम्बन्धित तहको मन्त्रालयले कार्यविधि जारी गरी सोही अनुसार योजना कार्यान्वयन गर्न समन्वय गर्दछ ।

## २.७ समुदायमा आधारित संघ-संस्थाहरूको योजना तर्जुमा प्रकृया

संघ, प्रदेश एवं स्थानीय तहका अतिरिक्त समुदाय स्तरमा समुदायमा आधारित विभिन्न संघ-संस्थाहरू (जस्तै सामुदायिक वन उपभोक्ता समूह) ले समेत वन तथा वातावरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने गर्दछन् । यस्ता समूहहरूले आफ्नै आन्तरिक स्रोतका अतिरिक्त सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त स्रोत परिचालन गर्दछन् । सामान्यतया आवधिक कार्ययोजना अनुरूप वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिन्छ ।

# अध्याय तीन: योजना तर्जुमा प्रकृयामा जलवायु परिवर्तनका विषयहरूको समायोजन

## ३.१ परिचय

जलवायु परिवर्तनले पारेका प्रभावहरूसँग अनुकूलित हुँदै पुरानै प्राकृतिक अवस्थामा फर्कन सक्ने जीविकोपार्जन, वातावरण र पारिस्थितिकीय प्रणालीको क्षमतालाई जलवायु उत्थानशीलता भनिन्छ । जलवायु उत्थानशीलताको लक्ष्य हासिल गर्न विषयगत क्षेत्रहरू संवद्ध निकायहरूका नीति, रणनीति, कार्यक्रम तथा कार्ययोजनाहरूमा जलवायु अनुकूलन र न्यूनीकरणलाई समायोजन गर्नु आवश्यक छ । वन तथा वातावरणको क्षेत्रमा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणको समायोजनका मुख्यतया दुईवटा उद्देश्य रहेका छन् । पहिलो, लक्षित अनुकूलन र न्यूनीकरण कार्यक्रम मार्फत् संकटासन्न समुदायको जीविकोपार्जन, प्राकृतिक स्रोत र पारिस्थितिकीय प्रणालीलाई जलवायु उत्थानशील बनाउने हो । दोश्रो, वन तथा वातावरणसँग सम्बन्धित नियमित कार्यलाई जलवायुमैत्री बनाउने हो । यसका अतिरिक्त, विकास र संरक्षणका कार्यबाट सिर्जित वा भविष्यमा सिर्जना हुन सक्ने, जोखिम सिर्जना गर्ने अथवा विद्यमान जोखिमहरूको आंकलन गरी उपयुक्त जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्नु पनि यसको उद्देश्य रहेको छ । यस अध्यायमा वन तथा वातावरण क्षेत्रको योजना तर्जुमा प्रकृयामा जलवायु परिवर्तनका विषयहरूलाई समायोजन गर्ने विधि सम्बन्धमा चर्चा गरिएको छ ।

## ३.२ समायोजन गर्नुपर्ने विषयगत क्षेत्र तथा उपक्षेत्रहरू

जलवायु परिवर्तनका प्रभावहरू विभिन्न क्षेत्रमा देखिएका छन् । ती प्रभावहरू एक अर्कासँग अन्तर सम्बन्धित पनि रहेका हुन्छन् । जलवायु परिवर्तनका क्षेत्रगत प्रभाव र यिनीहरूको अन्तर सम्बन्ध समेतलाई ध्यान दिए योजना तर्जुमा गर्दा सामाजिक तथा पारिस्थितिकीय प्रणालीहरूको उत्थानशीलता विकास गर्न मद्दत पुग्दछ । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले विभिन्न विषयगत क्षेत्रका लागि विभिन्न रणनीति तथा कार्यनीतिहरू तय गरेको छ जस्को आधारमा ती विभिन्न क्षेत्रमा अनुकूलन र न्यूनीकरणका उपायहरू अवलम्बन गर्न सकिन्छ । उक्त नीतिले वन तथा वातावरण क्षेत्रमा निम्न रणनीति तथा कार्यनीतिहरू अंगिकार गरेको छ जस्ले यस क्षेत्रको योजना तर्जुमाको क्रममा जलवायु परिवर्तनको बिषयलाई समायोजन गर्न मार्गनिर्देश गर्दछन् ।

क) दिगो वन व्यवस्थापनलाई अवलम्बन गर्दै वनको कार्बन सञ्चिती वृद्धि गरिनेछ ।

ख) बिषम मौसम तथा जलवायुजन्य प्रकोपबाट प्रभावित हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमीनमा कृषिवनको विकास गरिनेछ ।

ग) जलवायु परिवर्तनका प्रतिकूल प्रभावको जोखिममा रहेका सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

घ) जलवायु परिवर्तनका प्रतिकूल प्रभावको जोखिममा रहेका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति एवं सम्वेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षण गर्न कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

ङ) एकीकृत जलाधार व्यवस्थापन गर्दा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गरिनेछ ।

च) जलाधार तथा भू-परिधि व्यवस्थापनका असल अभ्यासहरूलाई अनुकूलन कार्यक्रममा समावेश गरी स्थानीय समुदायको अनुकूलन क्षमता वृद्धि गरिनेछ ।

छ) चुरे लगायत अन्य जोखिमपूर्ण क्षेत्रको जलवायु परिवर्तनका असरहरूप्रतिको संवेदनशीलतालाई मध्यनजर गर्दै एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

ज) वनमा लाग्ने रोग, कीरा, खडेरी, डढेलो र मिचाहा प्रजातिको प्रकोप न्यूनीकरण र व्यवस्थापन गरिनेछ।

झ) रेड प्लस तथा स्वच्छ विकास संयन्त्र मार्फत् कार्बन सञ्चितीबाट प्राप्त आर्थिक लाभको न्यायोचित वितरण गरिनेछ।

ञ) पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम र स्थानीय स्तरबाट संरक्षण कार्यमा गरिएको योगदानबाट प्राप्त वातावरणीय सेवा वापत भुक्तानी गर्ने प्रणालीको विकास र विस्तार गरिनेछ।

## ३.३ योजना तर्जुमा प्रक्रियामा जलवायु उत्थानशीलताको समायोजन प्रकृया

### ३.३.१ उपभोक्ता समूहहरू

स्थानीय स्तरमा उपभोक्ता समूहहरूले वन र अन्य प्राकृतिक स्रोतहरूको संरक्षण र व्यवस्थापन गर्दै आएका छन्। यस्ता उपभोक्ता समूहहरूका वार्षिक योजना तर्जुमा गर्ने क्रममा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका क्रियाकलापहरू समायोजन गर्न सके जलवायु उत्थानशील विकासको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल गर्न सकिन्छ। यसले जलवायु परिवर्तन अनुकूलन र दिगो विकासको अवधारणालाई स्थानीय स्तरसम्म पुर्याउन र लक्षित उद्देश्य हासिल गर्न सहयोग गर्दछ। उपभोक्ता समूहको कार्ययोजनामा जलवायु उत्थानशील कार्यक्रम समावेश गर्नका लागि निम्न चरणहरू अवलम्बन गर्नुपर्दछ।

**प्रथम चरणः समस्याको पहिचान तथा विश्लेषण**

यस चरणमा उपभोक्ता समूहले स्थानीय परिवेश अनुसार आवश्यक आर्थिक/सामाजिक र जैविक/भौतिक (Socioeconomic and biophysical) सूचनाहरू संकलन गर्दछन्। यसका साथै आफ्नो समूह अन्तर्गत पर्ने घरधुरीको सम्पन्नता स्तरीकरण गर्दछन् जसबाट जीविकोपार्जनको स्तर उन्नतिको लागि लक्षित वर्ग र उनीहरूका लागि उपयुक्त कार्यक्रमको पहिचान गर्न सहयोग पुग्दछ। यी सूचना संकलनमा जलवायु परिवर्तन सम्बन्धी संकटासन्नता तथा जोखिम विश्लेषणका विषयहरूलाई समावेश गरी समूहका कार्ययोजनाहरूलाई जलवायु उत्थानशील बनाउन सकिन्छ। सूचना संकलन गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ।

क) सुसूचित गराउनेः जलवायु परिवर्तनका विषयहरूलाई उपभोक्तास्तरमा सुसूचित गराउने र यसको समस्या विश्लेषणमा समावेश गराउने।

ख) जलवायु परिवर्तनको अवस्था विश्लेषणः उपभोक्तास्तरमा जलवायु परिवर्तन कसरी भइरहेको छ, कस्ता समस्याहरू देखापरेका छन् भन्ने कुराहरू पहिचान एवं विश्लेषण गर्ने (अनुसूची १, २)।

ग) जलवायु परिवर्तनले जीविकोपार्जन र समुदायमा परेको प्रभाव विश्लेषणः जलवायु परिवर्तनवाट कुन व्यक्ति, परिवार वा सामाजिक समूहको जीविकोपार्जनमा के कस्तो असर परेको छ, विपन्न तथा सीमान्तकृत समुदायमा के कस्तो संकट आइपरेको छ, र भविष्यमा यसको जोखिमको स्तर के कस्तो छ लगायतको विश्लेषण गर्ने (अनुसूची २)।

घ) जलवायु परिवर्तनले पारिस्थितिकीय सेवा प्रवाहमा पारेको प्रभाव विश्लेषणः वन, प्राकृतिक स्रोत र जैविक विविधतामा जलवायु परिवर्तनले के कस्तो प्रभाव पारेको छ, कुन स्रोत कसरी प्रभावित छ र जोखिमको स्तर कस्तो छ भन्ने विश्लेषण गर्ने (अनुसूची २)।

ङ) संकटासन्नता र जोखिमको स्तर विश्लेषणः घरधुरी एवं समुदाय स्तरवाट तथ्यांक तथा सूचना संकलन गरी प्रकोप तथा विपद्को सूची तयार गर्ने र यसको विश्लेषणबाट संकटासन्नता र जोखिमको स्तर विश्लेषण गर्ने (अनुसूची २)।

**दोस्रो चरणः जलवायु उत्थानशील कार्यक्रमको पहिचान**

उपभोक्ता समूहले वन, भू-संरक्षण, जलाधार संरक्षण लगायत वातावरण संरक्षण र स्थानीय विकासका एकीकृत कार्यकमहरू र जीविकोपार्जनका कार्यक्रमहरू संचालन गर्दै आएको भए पनि कार्यक्रमहरूलाई जलवायु परिवर्तनका दृष्टिकोणबाट विश्लेषण

र मूल्यांकन गर्ने अभ्यास स्थापित भएको पाईदैन । त्यसैले कार्यक्रम तयार गर्दा पर्यावरण, सामाजिक प्रणाली तथा आर्थिक क्षेत्रहरूमा वर्तमान र भविष्यमा आईपर्न सक्ने जलवायु परिवर्तनका प्रभावलाई विश्लेषण गरी त्यसलाई सम्बोधन गर्न उपयुक्त अनुकूलन र जोखिम न्यूनीकरणका क्रियाकलापहरूको पहिचान गर्नुपर्दछ । यसका लागि निम्न कार्यहरू अवलम्वन गर्नुपर्छ ।

क) **संकटासन्न घरधुरी तथा समुदाय केन्द्रित अनुकूलन कार्यहरू पहिचान गर्नेः** पहिलो चरणको संकटासन्नता तथा जोखिमका तथ्यांक तथा सूचनालाई आधार मानी संकटासन्नता तथा जोखिमको स्तरको आधारमा जीविकोपार्जनलाई थप सुदृढ गर्न घरधुरी र समुदाय केन्द्रित अनुकूलन अभ्यास तथा कार्यहरू निर्धारण गर्ने (अनुसूची ३) ।

ख) **जोखिम न्यूनीकरण कार्यहरू पहिचान गर्नेः** वन, प्राकृतिक स्रोत र जैविक विविधतामा (दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति) जलवायुजन्य जोखिमको नियन्त्रणका लागि जोखिम न्यूनीकरण कार्यहरू (जस्तै वन डढेलो नियन्त्रण तथा व्यवस्थापन) पहिचान गर्ने (अनुसूची ३) ।

ग) **जलवायुमैत्री कार्यहरूको पहिचान गर्नेः** वन, जैविक विविधता, जलाधार संरक्षण र वातावरण सम्बन्धी कार्यहरू पहिचान गर्दा यी कार्यहरूले कार्बन सञ्चिति, हरितगृह ग्यास कटौती एवं जलवायुजन्य जोखिम न्यूनीकरणका साथै समुदायको अनुकूलन क्षमता अभिवृद्धि र समग्र जीविकोपार्जनमा पुर्याउन सक्ने योगदानलाई ध्यान दिनुपर्दछ । थप जोखिम बढाउने कार्यलाई समावेश नगर्नु उपयुक्त हुन्छ । नियमित कार्यक्रम जलवायु उत्थानशील भए नभएको पहिचान गर्न स्क्रिनिङ विधि अपनाउन सकिन्छ (अनुसूची ५) ।

घ) **स्थानीय ज्ञान र स्रोतको पहिचानः** जलवायु अनुकूलन र जोखिम न्यूनीकरणका कार्यहरू पहिचान गर्दा स्थानीय सामाजिक अगुवा, अनुभवी किसान तथा ज्येष्ठ व्यक्तित्वहरूसँग विभिन्न कालखण्डमा विभिन्न खालका प्रकोप, विपद र त्यससँग बच्न गरिएका प्रयासहरू सम्बन्धमा जानकारी लिई उपयोगी प्रमाणित भएका प्रविधिहरूलाई प्रयोगमा ल्याउनुपर्दछ । साथै त्यस प्रकारका जलवायु उत्थानशील क्रियाकलापहरूको लागत अनुमान गरी स्रोतको पहिचान तथा लेखाजोखा गर्नु पर्दछ ।

### तेस्रो चरणः जलवायु उत्थानशील कार्यक्रमको प्राथमिकीकरण

उपभोक्ता समूहले जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण कार्यहरूको पहिचान गरी सूचिकृत गरेपछि सूचिकृत कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्नुपर्छ । यो चरणको मुख्य उद्देश्य अति संकटासन्न र जोखिममा रहेका घरधुरी, समुदाय र पारिस्थितिकीय प्रणालीका लागि अति जरूरी अनुकूलन कार्यहरू, जोखिम न्यूनीकरणका उपायहरू र जलवायुमैत्री कार्यहरूलाई प्राथमिकीकरण गर्नु हो । प्राथमिकीकरण गर्ने आधार तथा मापदण्ड निम्न बमोजिम छन् :

क) महिला, संकटासन्न घरधुरी तथा समुदायको जीविकोपार्जनलाई सहयोग गर्ने कार्यक्रम ।

ख) वन, प्राकृतिक स्रोत, जैविक विविधता र जीविकोपार्जनका स्रोतहरूमा जलवायु परिवर्तनका नकारात्मक असरलाई घटाउन सक्ने कार्यक्रम ।

ग) जन सहभागिता (महिला, सीमान्तकृत समुदायको) मा संचालन गर्न सकिने र समुदायले अपनत्व लिने खालका कार्यक्रम ।

घ) कम लागतबाट बढी फाइदा दिने खालको कार्यक्रम ।

ङ) कार्यान्वयन गर्न सहज र सजिलो कार्यक्रम ।

च) पारिस्थितिकीय प्रणाली र प्राकृतिक स्रोतको दीगो उपयोग, संरक्षण र सम्वर्द्धन गर्ने कार्यक्रम ।

### चौथो चरणः साधारण सभाबाट पारित गर्ने

उपभोक्ता समूहले आफ्नो कार्यक्रम सामुहिक छलफलका आधारमा साधारण सभाबाट पारित गर्ने संस्थागत प्रकृया छ । साधारण सभामा उपभोक्ता समूहको कार्यकारी समिति, स्थानीय जानकारहरू, सरकारी निकायका प्रतिनिधिहरू (डिभिजनल वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय, वार्ड प्रतिनिधि) तथा अन्य सरोकारवालाहरूसहित उपभोक्ता समूहको साधारण सदस्यहरूको उपस्थिति रहने गर्दछ । समूहको साधारण सभाबाट प्राथमिकीकरण भएर आएका उत्थानशीलताका कार्यक्रमहरूलाई निर्णय गरी कार्यक्रमको अवधि, महत्व तथा लागत समेतका आधारमा सम्बन्धित बिषयगत कार्ययोजना तयार गरी सम्बन्धित कार्यालयमा पेश गर्नुपर्दछ ।

## ३.३.२ निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, वृहद जलाधार व्यवस्थापन कार्यालय, डिभिजनल वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालय

संघ मातहतका निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र, वृहद जलाधार व्यवस्थापन कार्यालय र प्रदेश मातहतका डिभिजन वन कार्यालय एवं भू तथा जलाधार व्यवस्थापन कार्यलयहरूको बजेट स्वीकृति प्रक्रिया फरक भए पनि योजना तर्जुमा गर्ने प्रक्रिया उस्तै हुन्छ । यी सबै कार्यालयमा उपलब्ध बजेटको सीमा र मार्गनिर्देशनको आधारमा योजनालाई प्राथमिकीकरण गर्नु पर्दछ ।

**प्रथम चरण : समस्या पहिचान तथा क्षमता अभिवृद्धि**

जलवायु परिवर्तनका मुद्दाहरूलाई मातहतका कार्यालयहरू र वन, पानी, मध्यवर्ती क्षेत्र जस्ता प्राकृतिक स्रोत व्यवस्थापन गर्ने उपभोक्ता समूह स्तरमा मूलप्रवाहीकरण गर्न जलवायु परिवर्तनको समस्या, यसबाट पर्ने प्रभाव, हुने असर, सम्भावित जोखिम र संकटासन्नताको विश्लेषण जरूरी हुन्छ । यस्को निम्ति निम्न कार्यहरू गर्नुपर्दछ ।

क) **जलवायु परिवर्तनबारे बुझ्ने र विश्लेषण गर्ने क्षमता विकास गर्ने:** जलवायु परिवर्तनको कारण, प्रकृया र प्रभाव सम्बन्धमा मातहत कार्यालयका कर्मचारीहरूलाई सुसूचित गराउने र यसको समस्या विश्लेषण गर्न आवश्यक क्षमता विकास गर्ने ।

ख) **जलवायु परिवर्तनबारे लेखाजोखा गर्ने:** आफ्नो कार्यक्षेत्रमा जलवायु परिवर्तन कसरी भईरहेको छ र वन तथा वातावरण क्षेत्रमा यसका मूल प्रभाव र अन्तरनिहित कारण पत्ता लगाउने (अनुसूची १) ।

ग) **वन तथा वातावरणमा जलवायु परिवर्तनका प्रकोप जोखिमको स्थिति विश्लेषण गर्ने:** जलवायु परिवर्तनका कारण वन, जैविक विविधता, जलाधार संरक्षण र वातावरणमा पर्ने प्रभाव, प्रकोप, संकटासन्नता तथा जोखिमको स्थिति विश्लेषण गर्ने (अनुसूची २) ।

घ) **संकटासन्न समुदाय, स्रोत र जीविकोपार्जन प्रणालीको पहिचान गर्ने:** जलवायुजन्य विपद्‌बाट सिर्जित संकट तथा सम्भावित जोखिमबाट बढी प्रभावित समूह (महिला, सीमान्तकृत समुदाय र संकटासन्न व्यक्ति, घरधुरी एवं समुदाय) र प्राकृतिक स्रोत (पानी, पारिस्थितिकीय प्रणाली) को पहिचान गर्ने ।

**दोस्रो चरण: जलवायु उत्थानशील कार्यक्रमको पहिचान**

हाल डिभिजनल वन, भू तथा जलाधार व्यवस्थापन तथा निकुञ्ज कार्यालयहरूले मातहतका निकायहरूबाट सिफारिस भई आएका र विभिन्न निकायहरूसँग छलफल, अन्तरक्रिया र अवलोकनबाट संकलन गरिएका सूचनाका आधारमा कार्यक्रमहरू निर्माण गरिरहेका छन् । तर, मातहतका निकायहरूबाट आएका र संकलित सूचनाको आधारमा निर्माण हुने कार्यक्रमहरू कति जलवायु उत्थानशील छन् वा छैनन् त्यसको लेखाजोखा गरिएको पाईदैन । यो चरणको उद्देश्य जलवायु संकटासन्न प्राकृतिक स्रोत, पारस्थितिकीय प्रणाली तथा समुदायको जीविकोपार्जनलाई जलवायु उत्थानशील बनाउने अनुकूलन र न्यूनीकरणका कार्यहरू पहिचान गर्नु रहेको छ ।

समस्याहरूको पहिचान एवं अध्ययन-अनुसन्धानबाट आएका तथ्य र सूचनाका आधारमा जलवायु परिवर्तनलाई संवोधन गर्ने अनुकूलन र न्यूनीकरणका कार्यहरू पहिचान गर्नुपर्दछ। जलवायुमैत्री योजना पहिचान गर्दा मुख्यतः तीन आधारहरूलाई मध्यनजर गर्नुपर्दछ। पहिलो, जलवायु परिवर्तनबाट प्रभावित घरधुरी, समुदाय र जीविकोपार्जनका स्रोत केन्द्रित अनुकूलन र जोखिम न्यूनीकरणका विशेष कार्यहरूलाई वार्षिक योजनामा समावेश गर्नुपर्दछ। स्थानीय जोखिम विश्लेषण तथा अनुकूलन क्रियाकलापहरूको विवरणको आधारमा अनुकूलन आवश्यकता र पहिचान भएका कार्यलाई समावेश गर्नुपर्दछ। दोश्रो, वन तथा वातावरणीय कार्यलाई जलवायुमैत्री बनाउन यस क्षेत्रको प्राथमिकता अथवा योजना छनौट गर्दा जलवायुमैत्री कार्यक्रम छनौट गर्नुपर्दछ। विकास र संरक्षणका कार्यबाट जोखिम सिर्जना गर्ने अथवा विद्यमान जोखिमलाई बढाउने भएको खण्डमा उपयुक्त जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्न सकिने सम्भावनाको आधारमा कार्य छनौट गर्नुपर्दछ। तेस्रो, वन तथा वातावरण क्षेत्रका कार्यहरूले कार्बन संचिति, हरितगृह ग्यास कटौती र वातावरणीय सेवाको सुनिश्चिततामा योगदान गर्ने हुनु पर्दछ। जलवायु उत्थानशील कार्यक्रमहरू पहिचान गर्ने क्रममा निम्न कार्यहरू अवलम्वन गर्नुपर्दछ।

क) **जलवायुमैत्री कार्यहरूको पहिचान गर्ने:** वन तथा वातावरण क्षेत्रका नियमित कार्यक्रमहरू कति जलवायु उत्थानशीलता प्रबर्द्धन गर्न सक्ने खालका छन् भनी छुट्याउनका लागि यी कार्यहरूले कार्बन सञ्चिति, हरितगृह ग्यास कटौती, वातावरणीय सेवा, जलवायुजन्य प्रकोपहरूको जोखिम न्यूनीकरण साथै समुदायको अनुकूलन क्षमता अभिवृद्धि र समग्र जीविकोपार्जनमा पुर्याउने योगदानको आधार लिनुपर्दछ। नियमित कार्यक्रम जलवायु उत्थानशील भए नभएको पहिचान गर्न स्क्रिनिङ विधि अपनाउन सकिन्छ (अनुसूची ३, ५)।

ख) **नियमित कार्यक्रमहरूमा जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने:** यदि कुनै कार्यले जोखिम झन् बढाउने भएमा यस्ता कार्यलाई समावेश नगर्नु उपयुक्त हुन्छ। वन तथा वातावरणका नियमित कार्यक्रमहरूबाट जलवायु जोखिम सिर्जना गर्ने अथवा विद्यमान जोखिमलाई बढाउने भएमा उपयुक्त जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्न सकिने सम्भावनाका आधारमा काम छनौट गर्नुपर्दछ। जस्तैः वन व्यवस्थापनका कार्य गर्दा रूख काट्नुपर्ने हुन्छ। रूख काटिंदा कार्बन उत्सर्जन भईहाल्छ भन्ने होइन। रूख जलेमा वा कुहिएमा यसले कार्बन उत्सर्जन गर्दछ । तसर्थ रूख काट्दा त्यहाँको पुनरुत्पादन बढाउने र वनमा आगलागी हुने संभावनालाई न्यून गर्ने उपायहरू सहितको उपयुक्त योजना बनाएर अघि बढ्न सकिन्छ (अनुसूची ३, ५)।

ग) **विपद जोखिम न्यूनीकरणका कार्यहरू पहिचान गर्ने:** वन, प्राकृतिक स्रोत र जैविक विविधतामा जलवायुजन्य जोखिम (वन डढेलो, रोगकीरा, मिचाहा प्रजातिका वनस्पतिहरूको फैलावट आदि) नियन्त्रणका लागि जोखिम न्यूनीकरण कार्यहरू पहिचान गर्ने।

घ) **संकटासन्न घरधुरी एवं समुदाय केन्द्रित अनुकूलन कार्यहरू पहिचान गर्ने:** संकटासन्नता तथा जोखिमको स्तरको आधारमा घरधुरी र समुदाय केन्द्रित अनुकूलन अभ्यास तथा कार्यहरू निर्धारण गर्ने (अनुसूची ३ )।

ङ) **जलवायु अनुकूलन र न्यूनीकरणको लागि क्षमता अभिवृद्धि गर्ने:** डिभिजनल वन, भू तथा जलाधार व्यवस्थापन, निकुञ्ज तथा आरक्ष कार्यालय र मातहतका निकायहरूमा कार्यरत कर्मचारीहरू साथै उपभोक्ता समूहहरूको जलवायु परिवर्तन सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्ने कार्यहरू पहिचान गर्ने।

**तेस्रो चरण: उत्थानशील कार्यक्रमको प्राथमिकीकरण**

चरण २ मा पहिचान भई सूचिकृत संकटासन्नता तथा जोखिम न्यूनीकरण गर्ने कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्नुपर्छ। प्राथमिकीकरण गर्ने आधार तथा मापदण्डहरू निम्न बमोजिम हुनेछन्:

क) संकटासन्नता, जोखिम तथा नकारात्मक प्रभावलाई घटाउने।

ख) दिगो प्राकृतिक स्रोत तथा स्वस्थ पारस्थितिकीय प्रणालीको व्यवस्थापन गर्ने।

ग) समुदायमा आधारित प्राकृतिक स्रोत परिचालन गर्ने।

घ) उपभोक्ता समूहको सम्वृद्धि तथा जीविकोपार्जनमा सुधार गर्ने।

ङ) कार्बन सञ्चिति वा उत्सर्जन न्यूनीकरणमा योगदान पुर्याउने।

च) हरितगृह ग्यास कम गर्न सहयोग गर्ने।

छ) लैंगिक समानता तथा समावेशी विकासमा प्रत्यक्ष योगदान पुर्याउने।

ज) गरीबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने।

झ) कम लागतबाट बढी फाइदा दिने।

**चौथो चरण: कार्यशाला गोष्ठी आयोजना गर्ने**

बिश्लेषण गरी प्राथमिकीकरण गरिएका कार्यक्रमहरूलाई एक कार्यशाला गोष्ठी आयोजना गरी छलफल गर्नुपर्दछ। गोष्ठीमा उपभोक्ता समूहको प्रतिनिधि, आफ्नो मातहतका निकायका प्रतिनिधिहरू, सम्बन्धित सरोकारवालाहरू, जिल्ला समन्वय समितिका प्रतिनिधिहरू, पालिका प्रतिनिधिहरू र प्रदेश वन निर्देशनालयको प्रतिनिधिको उपस्थिति हुनुपर्दछ। गोष्ठीमा संभव भए सम्म पचास प्रतिशत महिला र अन्य सीमान्तकृत समुदायको समेत समावेशी प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्दछ। गोष्ठीमा छलफलको क्रममा आएका सुझावहरूलाई समावेश गरी कार्यक्रमहरूलाई अन्तिम रूप दिई प्रत्येक कार्यक्रमको अनुमानित बजेट सहित माथिल्लो निकायमा पठाउनु पर्दछ।

## ३.३.३ प्रदेश वन निर्देशनालय

प्रदेश वन निर्देशनालयले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट आएका योजना मार्गदर्शन र बजेट सिलिङ्लाई ध्यान दिँदै मातहतका निकायबाट प्राप्त योजनाहरूको प्राथमिकताका आधारमा सूची बनाउनुपर्छ। सूचीलाई प्रदेश स्तरको गोष्ठीबाट अन्तिम रूप दिई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा पेश गर्नुपर्दछ। यसरी प्राप्त कार्यक्रम जलवायु उत्थानशील भए नभएको मूल्यांकन गरी जलवायु उत्थानशील बनाउन आवश्यक परिमार्जनसहित परिष्कृत गर्नुपर्छ।

**प्रथम चरणः समस्या पहिचान तथा विश्लेषण**

हाल निर्देशनालय मातहतका निकायबाट शिफारिस भई आएका समस्याहरू र त्यस्ता समस्याहरूको समाधान गर्ने कार्यक्रमहरूलाई निर्देशनालयस्तरमा विभिन्न सरोकारवाला निकायहरूसँग समेत छलफल र अन्तरक्रिया गरी सूचिकृत र प्राथमिकीकरण गर्ने गरिन्छ । यसरी सूचिकृत समस्याहरूको जलवायु परिवर्तनका दृष्टिकोणले थप विश्लेषण गर्नु आवश्यक छ। यसको निम्ति प्रदेश वन निर्देशनालयले प्रकोप, विपद्, संकटासन्नता तथा जोखिम जलवायुजन्य हो वा होइन छुट्याई सूचिकृत गर्नुपर्छ। यसको निम्ति निम्न कार्यहरू गर्नुपर्दछ।

क) आफ्नो कार्यक्षेत्रमा जलवायु परिवर्तन कसरी भइरहेको छ, यसबाट सिर्जित समस्याहरू के के हुन् साथै वन तथा वातावरण क्षेत्रमा यसको मूल प्रभावहरू के के हुन् पहिचान गर्ने (अनुसूची १, २)।

ख) जलवायु परिवर्तनका सरोकार र मुद्दाहरू सम्बन्धमा मातहत कार्यालयका कर्मचारीलाई सुसूचित गराउने र यसको समस्या विश्लेषणमा समावेश गराउने।

ग) बैज्ञानिक तथ्याङ्क र सरोकारवालासँगको अन्तरक्रिया तथा छलफलबाट प्राप्त सूचनाको आधारमा GIS लगायतका प्रविधिहरूको प्रयोग गरी संकटासन्न तथा जोखिममा रहेका समुदाय, प्राकृतिक स्रोत र पारस्थितिकीय प्रणालीको नक्शांकन एवं प्रकोप र विपद्को विश्लेषण गर्ने (अनुसूची २)।

घ) छलफल, अन्तरक्रिया तथा स्थलगत अवलोकन गरी जलवायुजन्य प्रकोप र जलवायु परिवर्तनले वन, वातावरण, जैविक विविधता र जलाधारमा पारेको असरको विश्लेषण र प्राथमिकीकरण गरी सूचिकृत गर्ने (अनुसूची ४)।

ङ) आफ्नो कार्यक्षेत्रमा जलवायु परिवर्तनबाट सिर्जित अवसरहरू तथा अनुकूलन र न्यूनीकरणका संभावनाहरू पहिचान गर्ने।

**दोस्रो चरणः जलवायु उत्थानशील कार्यक्रमको पहिचान**

प्रदेश वन निर्देशनालयले आफ्ना नियमित कार्यक्रमहरूलाई जलवायुमैत्री बनाउन विश्लेषण गर्नुका साथै जलवायु परिवर्तनले प्रभावित जीविकोपार्जनको स्रोत, क्रियाकलाप तथा प्राकृतिक स्रोतको उत्थानशीलता वृद्धि गर्ने खालका कार्यक्रमहरू सूचिकृत गर्नुपर्छ। सूची तयार गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्छः

क) **लक्षित कार्यक्रम पहिचान गर्नेः** जलवायु परिवर्तनबाट प्रभावित एवं संवेदनशील प्राकृतिक स्रोत, पारस्थितिकीय प्रणाली र समुदायमा आधारित जीविकोपार्जन केन्द्रित अनुकूलन र जोखिम न्यूनीकरणका विशेष कार्यक्रमहरू पहिचान गरी समावेश गर्ने (अनुसूची ३)।

ख) **उत्थानशील कार्यक्रमको पहिचान गर्नेः** कार्यक्रमहरू के कति जलवायु उत्थानशील छन् भनी छुट्याउन स्क्रिनिङ औजार (Screening Tools) प्रयोग गर्ने (अनुसूची ५)।

ग) **जलवायु जोखिम न्यूनीकरण कार्यहरू पहिचान गर्नेः** वन, प्राकृतिक स्रोत र जैविक विविधतामा जलवायुजन्य जोखिम (वन डढेलो, रोग,कीरा, मिचाहा प्रजातिका वनस्पतिहरूको फैलावट आदि) नियन्त्रणका लागि जोखिम न्यूनीकरण कार्यहरू पहिचान गर्ने (अनुसूची ३, ५)।

घ) **न्यूनीकरणका कार्यक्रम पहिचान गर्नेः** प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण गर्ने, दिगो वातावरणीय सेवा सुनिश्चित गर्ने, कार्बन सञ्चिति बढाउने र हरितगृह ग्यास उत्सर्जन कम गर्ने खालका कार्यक्रमहरूको पहिचान गरी सूचिकृत गर्ने (अनुसूची ३)।

ङ) **क्षमता अभिवृद्धिका कार्यहरू पहिचान गर्नेः** जलवायु परिवर्तन सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्ने साथै अनुसन्धान र प्रविधि विकासका कार्यहरू पहिचान गर्ने।

**तेस्रो चरणः जलवायु उत्थानशील कार्यक्रमको प्राथमिकीकरण**

माथि पहिचान भई सूचिकृत संकटासन्नता तथा जोखिम न्यूनीकरण गर्ने कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्नुपर्दछ । प्रभावित क्षेत्रको पहिचान गरी उच्च प्राथमिकताका क्षेत्रहरूलाई कार्यक्रम निर्माणमा समेट्नु पर्दछ । संकटासन्नता, जोखिम र क्षतिको गहनताको आधारमा पहिचान भई सूचिकृत उत्थानशीलताका कार्यक्रमहरूको प्राथमिकीकरणको लागि तलका मापदण्ड प्रयोग गर्न सकिन्छ ।

क) क्षेत्रिय र प्रादेशिक प्राथमिकतालाई सम्वोधन गर्ने ।

ख) कार्बन सञ्चिति बढी गर्ने र हरितगृह ग्यास उत्सर्जन कम गर्ने ।

ग) संकटासन्न तथा जोखिममा रहेका पारिस्थितिकीय प्रणालीको संरक्षणमा भूमिका खेल्ने ।

घ) नविन प्रविधि साथै परम्परागत एवं मौलिक ज्ञानको प्रयोग गर्न सकिने ।

ङ) जलवायुजन्य जोखिम तथा नकारात्मक असरलाई न्यून गर्ने (जस्तैः वन डढेलो, रोग, कीरा, मिचाहा प्रजातिका वनस्पतिहरू फैलावट नियन्त्रण गर्ने आदि) ।

च) लैंगिक, सामाजिक तथा आर्थिक रूपमा सिमान्तकृत व्यक्ति, परिवार, समूह तथा समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्ने ।

छ) लागतमा सरकारी तथा निजी क्षेत्रको सहभागिता जुटाउन सकिने ।

**चौथो चरणः कार्यशाला गोष्ठी आयोजना गर्ने**

कार्यालयमा विष्लेषण गरी प्राथमिकीकरण गरिएका कार्यक्रमहरूलाई एक कार्यशाला गोष्ठी आयोजना गरी छलफल गर्नुपर्दछ । गोष्ठीमा आफ्नो मातहतका निकायका प्रतिनिधिहरू, सम्बन्धित सरोकारवालाहरू एवं उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रतिनिधिको उपस्थिति भएको हुनुपर्छ । गोष्ठीमा संभव भए सम्म पचास प्रतिशत महिला र अन्य सीमान्तकृत समुदायको समेत समावेशी प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्दछ । गोष्ठीमा छलफलको क्रममा आएका सुझावहरूलाई समावेश गरी कार्यक्रमहरूलाई अन्तिम रूप दिई प्रत्येक कार्यक्रमको अनुमानित बजेट सहित माथिल्लो निकायमा पठाउनु पर्दछ ।

## ३.३.४ प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

संविधानको अनुसूचीमा व्यवस्था भएअनुसार संघ र प्रदेशको साझा अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार र प्रदेशको एकल अधिकार क्षेत्रका उद्योग, पर्यटन, आपूर्ति, वाणिज्य, विज्ञान प्रविधि, वन तथा वातावरणसँग सम्बन्धित विषयमा प्रदेशस्तरीय नीति तथा योजना निर्माण गर्नु यस मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत पर्दछ । नेपाल सरकार र स्थानीय तहबीच समन्वय र सहकार्य गर्दै प्रदेश सम्वृद्धिका निम्ति औद्योगिकरणमा जोड दिने र पर्यटन क्षेत्रको विकास र विस्तार गरी नयाँ रोजगारीको अवसर सृजना गर्ने, वनको दिगो व्यवस्थापन गरी वातावरण संरक्षणमा जोड दिने, दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्ति व्यवस्थापन गर्ने समेत यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछ ।

योजना निर्माणको प्रकृयामा प्रदेश नीति तथा योजना आयोगले उपलब्ध गराएको बजेट सीमा तथा मार्गदर्शनको आधारमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले वन निर्देशनालयबाट प्राप्त योजना तथा बजेटलाई समीक्षा गरी नीति तथा योजना आयोगमा पठाउने कार्य गर्दछ । यस कार्यको समन्वय मन्त्रालयको योजना महाशाखाले गर्दछ । प्रदेश संसदमा छलफल भई संसदले पारित गरेपछि पुनः मन्त्रालय, निर्देशनालय हुँदै मातहतका निकायहरूमा कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम आइपुग्दछ । प्रदेश मन्त्रालयले योजना तर्जुमाको क्रममा जलवायु उत्थानशीलतालाई एकीकृत गर्न विभिन्न चरणमा गर्नुपर्ने कृयाकलापहरूलाई तल प्रस्तुत गरिएको छ ।

**प्रथम चरणः समस्या पहिचान**

निर्देशनालयबाट शिफारिस भई आएका समस्याहरू र त्यस्ता समस्याहरूको समाधान गर्ने प्रस्तावित कार्यक्रमहरूलाई प्रदेश मन्त्रालयमा विभिन्न सरोकारवाला निकायहरूसँग समेत छलफल र अन्तरक्रिया गरी सूचिकृत र प्राथमिकीकरण गरिन्छ ।

यसरी सूचिकृत समस्याहरूको जलवायु परिवर्तनका दृष्टिकोणले थप विश्लेषण गर्नु आवश्यक छ। यस्को निम्ति उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रकोप, विपद, संकटासन्नता तथा जोखिम जलवायुजन्य हो वा होइन छुट्याई समस्याहरू सूचिकृत गर्नुपर्छ। यस क्रममा निम्न कार्यहरू गर्नुपर्दछ।

क) **असर र प्रभावको विश्लेषण:** प्रादेशिक स्तरमा जलवायु परिवर्तनले वन र वातावरणमा पारेको र पार्न सक्ने असर र प्रभाव बारेमा सूचना संकलन र जोखिमको आंकलन गर्ने (अनुसूची १, २)।

ख) **जलवायुजन्य जोखिम पहिचान र नक्शांकन:** वन, प्राकृतिक स्रोत र जैविक विविधतामा जलवायुजन्य जोखिम (वन डढेलो, रोग, कीरा, मिचाहा प्रजातिका वनस्पतिहरूको फैलावट आदि) पहिचान गरी नक्शांकन गर्ने (अनुसूची २ )।

ग) **जोखिम र संकटासन्नताको विश्लेषण:** जलवायुजन्य विपदबाट सिर्जित संकट तथा सम्भावित जोखिमबाट बढी प्रभावित जीविकोपार्जन (महिला, सिमान्तकृत समुदाय र संकटासन्न व्यक्ति एवं घरधुरीको) तथा सम्वेदनशील र संकटासन्न प्राकृतिक स्रोत (पानी, पारिस्थितिकीय प्रणाली) को पहिचान गर्ने। सम्वेदनशील, जोखिमयुक्त र संकटासन्न वस्ती, क्षेत्र, स्रोत र पारिस्थितिकीय प्रणालीको नक्शांकन गरी सूचिकृत गर्ने (अनुसूची २)।

घ) **अवसर र संभावनाको पहिचान:** वन, प्राकृतिक स्रोत र जैविक विविधतामा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका अवसर र संभावनाहरू लाई सूचिकृत गर्ने।

**दोस्रो चरण: जलवायु उत्थानशील कार्यक्रमको पहिचान र प्राथमिकीकरण**

प्रदेश मन्त्रालयले पहिलो चरणमा पहिचान गरिएका समस्याहरूलाई सम्बोधन गर्न विज्ञहरू सम्मिलित समिति मार्फत् निर्देशनालयबाट तर्जुमा भई आएका कार्यक्रमहरूको थप विष्लेषण गरी कार्यक्रमहरूको सूची बनाउनु पर्दछ। सो क्रममा समितिले छलफल, अन्तरक्रिया र प्रत्यक्ष अवलोकनको आधारमा स्थानीय ज्ञान र सीपमा आधारित र अनुसन्धानबाट प्रमाणित भई सकेका प्रविधिहरूलाई संकटासन्नता तथा जोखिम न्यूनीकरण गर्ने साथै सम्भावित विपदको सामना गर्न आकस्मिक प्रतिकार्यका कार्यक्रमहरूसमेत पहिचान गर्नुपर्दछ। कार्यक्रमको सूची तयार गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछः

क) **जलवायु उत्थानशील कार्यहरूको पहिचान:** वन तथा वातावरणसँग सम्बन्धित नियमित जलवायु उत्थानशील कार्यक्रमहरू जस्तै एकीकृत जलाधार संरक्षण, दिगो माटो तथा पानी व्यवस्थापन, सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन, समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापन, दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण, कृषिवन विकास तथा विस्तार का कार्यक्रमहरू पहिचान गरी समावेश गर्ने।

ख) **जलवायुमैत्री कार्यहरूको पहिचान:** कार्बन सञ्चितिमा योगदान पुर्याउने, हरितगृह ग्यास उत्सर्जन कम गर्न सहयोग गर्ने, समुदायको अनुकूलन क्षमता बृद्धि गर्ने र दिगो वातावरणीय सेवा प्रदान गर्न टेवा पुर्याउने कार्यहरू पहिचान गरी कार्यक्रमको सूचीमा समावेश गर्ने। यस क्रममा सूचिकृत कार्यक्रमहरू कति जलवायु उत्थानशिल वा जलवायुमैत्री छन् भनी छुट्याउन स्क्रिनिङ औजार (Screening Tools) को प्रयोग गर्न सकिन्छ (अनुसूची ५)।

ग) **जोखिम न्यूनीकरण कार्यहरूको पहिचान:** वन तथा वातावरणमा प्रकोप तथा विपदको ऐतिहासिक घटनाक्रमको अध्ययन तथा अनुसन्धानका आधारमा जोखिमको परिदृश्य आंकलन गरी सम्भावित जोखम न्यूनीकरण तथा जोखिमबाट बच्न पूर्व तयारी, उद्धार, पुनर्लाभ र दिगो विकाससहित उत्थानशीलताका कार्यक्रमहरूको पहिचान गर्ने।

घ) **जलवायु अनुकूलन र न्यूनीकरणको लागि क्षमता अभिवृद्धि:** जलवायु परिवर्तन सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्ने साथै अनुसन्धान र प्रविधि विकासका कार्यहरू पहिचान गर्ने।

ङ) **संवेदनशीलताका आधारमा कार्य पहिचान गर्ने:** संवेदनशील, जोखिमयुक्त र संकटासन्न वस्ती, क्षेत्र, स्रोत र पारिस्थितिकीय प्रणालीको पहिचान गरी सोहि अनुरूप अनुकूलन र न्यूनीकरणका कार्यहरू पहिचान गर्ने।

पहिचान भई सूचिकृत संकटासन्नता तथा जोखिम न्यूनीकरण कार्यक्रमहरूलाई मन्त्रालयले गठन गरेको विज्ञहरूको समितिले निम्न मापदण्डहरूको प्रयोग गरी प्राथमिकीकरण गर्नुपर्छ।

क) राष्ट्रिय र प्रादेशिक प्राथमिकतालाई सम्वोधन गर्ने।

ख) जोखिममा रहेको पारिस्थितिकीय प्रणाली तथा प्राकृतिक स्रोतको संरक्षणमा भूमिका खेल्ने।

ग) जोखिम न्यूनीकरण गर्ने (वन डढेलो, रोग, कीरा, मिचाहा प्रजातिका वनस्पतिहरूको फैलावट नियन्त्रण आदि)।

घ) दिगो प्राकृतिक स्रोत व्यवस्थापन तथा उपयोगमा आधारित ।
ङ) दीर्घकालिन योजना तथा दिगो विकासको लक्ष्यलाई सम्वोधन गर्ने ।
च) राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिवद्धता पुरा गर्न समेत परिपूरक हुने ।
छ) कार्बन सञ्चिति बढी गर्ने र हरितगृह ग्यास उत्सर्जन कम गर्ने ।
ज) नियमित कार्यक्रममा समावेश भइसकेका जलवायु उत्थानशील कार्यहरू (जस्तै रेड प्लस) ।
झ) महिला, दलित, आदिवासी जनजाति, मधेशी लगायत सिमान्तकृत र संकटासन्न समुदायको मुद्दालाई सम्वोधन गर्ने ।

**तेस्रो चरण: कार्यशाला गोष्ठी आयोजना गर्ने**

कार्यक्रमहरूको प्राथमिकीकरण भईसकेपछि मन्त्रालयले निर्देशनालय र नीति तथा योजना आयोगका प्रतिनिधि साथै सम्बन्धित विज्ञहरूको सहभागितामा कार्यशाला गोष्ठीको आयोजना गर्नुपर्छ । गोष्ठीका सहभागीहरू छनौट गर्दा संभव भएसम्म पचास प्रतिशत महिला र अन्य सीमान्तकृत समुदायको समेत समावेशी प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्दछ । गोष्ठीबाट कार्यक्रमलाई सुझावसहित पारित गरिसकेपछि प्रदेश नीति तथा योजना आयोगमा पठाउनुपर्छ ।

## ३.३.५ नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र मातहतका विभाग, केन्द्र र समितिहरू

वन तथा वातावरण मन्त्रालयले वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, वन्यजन्तु र वनस्पतिको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन एवं मूल्य अभिवृद्धि र तिनको न्यायोचित वितरण गर्ने लक्ष्य लिएको छ । हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रकृयालाई वातावरणमैत्री बनाउँदै तथा जलवायु परिवर्तनले पार्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्ने जिम्मेवारी समेत मन्त्रालयको कार्यक्षेत्रमा पर्दछ ।

वन तथा वातावरण मन्त्रालयले विभाग, केन्द्र तथा समितिहरूबाट आएका योजना तथा कार्यक्रमको समीक्षा गरी मन्त्रालयको बजेट सीमा तथा राष्ट्रिय योजना आयोगको मार्गदर्शनका आधारमा योजना तथा बजेट विनियोजन गर्दछ । वैदेशिक सहयोगमा सञ्चालित कार्यक्रमहरूका सम्बन्धमा सम्बन्धित स्वीकृत आयोजना दस्तावेज समेतलाई आधार बनाई योजना तर्जुमा गरिन्छ । मन्त्रालयको योजना निर्माण प्रकृयामा जलवायु परिवर्तनको बिषय एकीकृत गर्न विभिन्न चरणहरूमा अवलम्बन गरिने कृयाकलापहरूलाई तल प्रस्तुत गरिएको छ ।

**प्रथम चरण: समस्या पहिचान**

वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय स्तरको सर्वेक्षण, अध्ययन, अनुसन्धान, तथ्याङ्क तथा सूचनाको आधारमा जलवायुजन्य प्रकोप, विपद, संकटासन्नता र जोखिमको पहिचान तथा विश्लेषण गर्नुपर्छ । यो प्रकृयामा मन्त्रालयले मातहतका निकायहरूबाट सिफारिस भई आएका कार्यक्रमहरूलाई समन्वय, छलफल र अन्तरक्रियाबाट विश्लेषण गरी निम्न अनुसारको विषयमा दिशाबोध गर्न राष्ट्रिय प्राथमिकता निर्धारण गर्नु पर्दछ:

क) राष्ट्रिय स्तरमा जलवायु परिवर्तनले वन, वनस्पति, वन्यजन्तु, जलाधार र वातावरणमा पारेको र पार्न सक्ने असर र प्रभावबारे सूचना संकलन र यसको जोखिमको आंकलन गर्ने (अनुसूची १) ।
ख) राष्ट्रिय स्तरमा जलवायु परिवर्तनसँग सम्वेदनशील, जोखिमयुक्त र संकटासन्न वस्ती, क्षेत्र, वन स्रोत र पारिस्थितिकीय प्रणालीको नक्शांकन गरी सूचिकृत गर्ने ।
ग) देशका विभिन्न हावापानी र क्षेत्रमा भएका वन, प्राकृतिक स्रोत र जैविक विविधतामा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका अवसर र संभावनालाई सूचिकृत गर्ने ।
घ) राष्ट्रियस्तरमा वन, प्राकृतिक स्रोत र जैविक विविधतामा जलवायुजन्य जोखिम (वन डढेलो, रोग, कीरा, मिचाहा प्रजातिका वनस्पतिहरूको फैलावट आदि) को पहिचान गर्ने (अनुसूची २ ) ।
ङ) जलवायुजन्य विपदबाट सिर्जित संकट तथा सम्भावित जोखिमबाट बढी प्रभावित जीविकोपार्जन (महिला, सिमान्तकृत समुदाय र अन्य संकटासन्न व्यक्ति, घरधुरी तथा समुदायको) र सम्वेदनशील र संकटासन्न प्राकृतिक स्रोत (पानी, पारिस्थितिकीय प्रणालीको) पहिचान गर्ने (अनुसूची १,२ ) ।

**दोस्रो चरण: जलवायु परिवर्तन उत्थानशीलता अभिवृद्धि गर्ने कार्यक्रमको पहिचान र प्राथमिकीकरण**

मन्त्रालयले पहिलो चरणमा पहिचान गरिएका समस्याहरूलाई सम्बोधन गर्न विज्ञहरू सम्मिलित समिति वा कार्यदल मार्फत मातहतका निकायबाट तर्जुमा भै आएका कार्यक्रमहरूको थप विश्लेषण गरी कार्यक्रमहरूको सूची बनाउनुपर्दछ। कार्यक्रमको सूची तयार गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछ:

क) **जलवायु उत्थानशील कार्यहरूको पहिचान:** वन तथा वातावरण सम्बन्धी जलवायु उत्थानशील कार्यक्रमहरू जस्तै रेड प्लस, अनुकूलन, स्वच्छ विकास कार्यक्रम, पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम, जलवायुमैत्री कार्यक्रम साथै विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू पहिचान गरी सूचीमा समावेश गर्नुपर्छ (अनुसूची ३)।

ख) **जलवायु उत्थानशीलतालाई बढावा दिने नियमित कार्यहरूको पहिचान:** मन्त्रालयका जलवायुमैत्री नियमित कार्यक्रमहरू (जस्तैः एकीकृत जलाधार संरक्षण, दिगो माटो तथा पानी व्यवस्थापन, सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन, समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापन, जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापन, कृषिवन विकास तथा विस्तार आदि) पहिचान गरी सूचीमा समावेश गर्ने (अनुसूची ३, ५)।

ग) **नियमित कार्यक्रमहरू कति जलवायु उत्थानशील छन् भनी छुट्याउने:** मन्त्रालयका कार्यक्रम पहिचान गर्दा कार्बन संश्लेषण वा सञ्चिति बढाउने, हरितगृह ग्यास उत्सर्जन कम गर्ने, समुदायको अनुकूलन क्षमता वृद्धि गर्ने र दिगो वातावरणीय सेवा प्रदान गर्न सहयोग गर्ने जस्ता आधारमा छनौट गर्नुपर्दछ। नियमित कार्यक्रमहरू कति जलवायु उत्थानशील छन् भनी छुट्याउनका लागि स्क्रिनिङ औजारको (Screening tools) को प्रयोग गर्न सकिन्छ (अनुसूची ५)।

घ) **जलवायु जोखिम न्यूनीकरण:** वन तथा वातावरणसँग सम्बन्धित नियमित कार्यक्रमहरू जलवायु जोखिम सिर्जना गर्ने अथवा विद्यमान जोखिमलाई बढाउने खालका भए उपयुक्त जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्न सकिने सम्भावनाको आधारमा कार्य छनौट गर्नुपर्दछ (अनुसूची ३ )।

ङ) **जलवायु अनुकूलन र न्यूनीकरणका निम्ति क्षमता अभिवृद्धि:** जलवायु परिवर्तन सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्ने साथै अनुसन्धान र प्रविधि विकासका कार्यहरू पहिचान गर्ने।

च) **अन्तराष्ट्रिय पहलकदमी लिने कार्यक्रम:** जलवायु परिर्वतन सम्बन्धी सन्धि र महासन्धिका नियमित सभा सम्मेलनमा नेपालका मुद्दाहरूलाई सशक्त रूपमा उठान र स्थापित गर्न आवश्यक दक्ष जनशक्तिको विकास गर्ने खालका कार्यक्रम समावेश गर्ने।

छ) **नीतिगत एवं संस्थागत सुधार गर्ने कार्यहरू:** जलवायु परिवर्तनको नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारहरूले आवश्यक कानून, रणनीति, कार्यनीति, निर्देशिका, कार्यविधि, मार्गनिर्देशन र योजना तथा बजेट तर्जुमा गर्न सहयोगी कार्यक्रमहरू समाबेश गर्ने।

पहिचान भई सूचिकृत कार्यक्रमहरूलाई मन्त्रालयले गठन गरेको विज्ञहरूको समिति वा कार्यदलले निम्न मापदण्डहरूको प्रयोग गरी प्राथमिकीकरण गर्नुपर्छ।

- राष्ट्रिय प्राथमिकता (राष्ट्रिय जलवायु परिवर्तन नीति, राष्ट्रिय निर्धारित योगदान (एनडिसि), राष्ट्रिय अनुकूलन कार्यक्रम, स्थानीय अनुकूलन योजना, राष्ट्रिय अनुकूलन योजना, रेड प्लस आदिमा उल्लेखित प्राथमिकताहरू) लाई सम्वोधन गर्ने।
- मन्त्रालय, प्रदेश र स्थानीय सरकार मातहतका कार्यालयको कामलाई सहयोग गर्ने।
- वन तथा वातावरण सम्बन्धी जलवायु उत्थानशील कार्यक्रमहरू जस्तैः रेड, अनुकूलन, स्वच्छ विकास कार्यक्रम, पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम, जलवायुमैत्री कार्यक्रम तथा विपद् व्यव्स्थापनलाई निरन्तरता दिने।
- कार्बन सञ्चिति बढी गर्ने र हरितगृह ग्यास उत्सर्जन कम गर्ने।
- दिगो प्राकृतिक स्रोत व्यवस्थापन तथा उपयोगमा आधारित।
- एकीकृत जलाधार संरक्षणमा आधारित।
- दिगो विकासको लक्ष्यलाई सम्वोधन गर्ने।
- अन्तराष्ट्रियस्तरमा व्यक्त प्रतिवद्धताहरूलाई सम्बोधन गर्ने।

**तेश्रो चरण: कार्यशाला गोष्ठी आयोजना गर्ने**

यसरी प्राथमिकीकरण भइसकेपछि मन्त्रालयले विभाग, केन्द्र तथा समितिहरू, योजना आयोग, अर्थ मन्त्रालयका प्रतिनिधिहरू र आवश्यकता अनुसार विषय विज्ञहरूलाई निमन्त्रणा गरी कार्यशाला गोष्ठीको आयोजना गर्नुपर्छ। यस्तो गोष्ठीमा महिला सहभागिताको सुनिश्चिता गरिनु पर्दछ। गोष्ठीबाट प्राप्त सुझावका आधारमा मन्त्रालयको तर्फबाट योजनालाई अन्तिम रूप दिनु पर्दछ।

# अध्याय ४ : जलवायु परिवर्तन बजेट संकेत (Climate Change Budget Code)

## ४.१ परिचय

नेपालमा जलवायु परिवर्तन व्यवस्थापनको निम्ति गरिदैं आएको प्रयास सम्बन्धमा लेखाजोखा गर्ने उद्देश्यले नेपाल सरकारले बिगत केही वर्षदेखि जलवायु परिवर्तन बजेट संकेत (Climate Change Budget Code) को प्रयोग गर्दै आएको छ । नेपाल सरकारको जलवायु परिवर्तन बजेट कोड सन्दर्भ पुस्तिका २०६९ मा उल्लेख भए बमोजिम ११ वटा सूचकहरू (अनुसूचि ६) को आधारमा प्रत्येक कार्यक्रमलाई जलवायु परिवर्तनका दृष्टिकोणले अति सान्दर्भिक, सान्दर्भिक वा तटस्थ के हो छुट्याउने गरिएको छ । जलवायु परिवर्तन बजेट संकेतको प्रयोगबाट कुनै निकाय वा समग्र वन तथा वातावरण क्षेत्रको योजना तथा बजेट मध्य कति हिस्सा जलवायु परिवर्तन व्यवस्थापनमा विनियोजन गरिएको छ भन्ने विश्लेषण गर्न सकिन्छ ।

जलवायु परिवर्तन वित्तीय खाकाले जलवायु परिवर्तन बजेट र खर्चमा हाल रहेका अस्पष्टतालाई थप व्यवस्थित गर्न क्षेत्रगत रूपमा जलवायु परिवर्तन बजेट कोड परिमार्जन गरी कार्यान्वयन गर्न मार्गदर्शन गरेको छ । यसै सन्दर्भमा विगत केही वर्षको जलवायु परिवर्तन बजेट कोडको प्रयोगबाट प्राप्त सिकाईको आधारमा वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यक्रमहरूको लागि हाल प्रयोगमा रहेका कोडिङका मापदण्डहरूलाई परिमार्जन गरी लागु गर्ने प्रयास गरिएको छ ।

## ४.२ वन तथा वातावरण क्षेत्रमा जलवायु परिवर्तन बजेट संकेत प्रयोग गर्ने तरिका

वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित निकायहरूले योजना तर्जुमा गर्ने क्रममा प्रत्येक कार्यक्रमलाई जलवायु उत्थानशीलतामा पुर्याउने अपेक्षित योगदानको आधारमा निम्न बमोजिम संकेत गर्नुपर्दछ । संकेत प्रदान गर्न कार्यक्रमहरूको विवरण तालिकामा चार वटा कोलम (जलवायु सान्दर्भिकता, जलवायु व्यवस्थापनको क्षेत्र, जलवायु निर्दिष्ट, जलवायु सान्दर्भिक बजेट) थप गर्ने वा अनुसूची ८ बमोजिमको फारम प्रयोग गर्ने सोही अनुसूचीमा दिईएको उदाहरण अनुरूप अभ्यास गर्न सकिन्छ ।

**पहिलो चरण: जलवायु परिवर्तनसँगको सान्दर्भिकता पहिचान गर्ने**

संघ र प्रदेशका वन तथा वातावरणसँग सम्बन्धित मन्त्रालय तथा स्थानीय तहले आफ्ना योजना तथा कार्यक्रमहरूको प्रस्ताव तयार भईसकेपछि प्रस्तावित कार्यक्रमहरू मध्य कुन कुन कार्यक्रमहरू जलवायु परिवर्तनसँग सम्बन्धित वा सान्दर्भिक छन् भन्ने पहिचान गर्नुपर्दछ । यसको लागि तल दिइएको जलवायु सान्दर्भिक कार्यक्रमहरूको सूची (Check list) प्रयोग गर्न सकिन्छ । उक्त सूची बाहेकका कार्यक्रमहरूको जलवायु सान्दर्भिकता पहिचान गर्दा कार्यक्रमको लागि विनियोजित बजेटमध्ये जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बन्धित कृयाकलापहरूमा कम्तिमा २० प्रतिशत खर्च हुने अपेक्षा गरिएको कार्यक्रमलाइ सान्दर्भिक मान्नुपर्दछ । जलवायु सान्दर्भिक भनी छुट्याईएको कार्यक्रमलाई “छ” र अन्य कार्यक्रमलाई “छैन” संकेत दिनुपर्दछ । यस्तो संकेत कार्यक्रम विवरण तालिकामा थप गरिएको मध्ये पहिलो कोलम (जलवायु सान्दर्भिकता) मा दिनुपर्दछ । यस संकेतको प्रयोगबाट कार्यक्रमहरूको कुल संख्या मध्ये कतिवटा (वा कति प्रतिशत) जलवायु सान्दर्भिक कार्यक्रमहरू छन् भन्ने विश्लेषण गर्न सकिन्छ ।

जलवायु सान्दर्भिक कार्यक्रमहरूको सूची

क) दिगो वन व्यवस्थापन कार्यक्रम
ख) वातावरण संरक्षण कार्यक्रम
ग) हैसियत कम भएका वन क्षेत्र र नदी उकास जमीनमा कृषिवनको विकास कार्यक्रम
घ) जोखिममा रहेका सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्यक्रम
ङ) जोखिममा रहेका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति एवं सम्वेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षण कार्यक्रम
च) एकीकृत जलाधार तथा भू-परिधि व्यवस्थापन कार्यक्रम
छ) दिगो माटो तथा पानी व्यवस्थापन कार्यक्रम
ज) समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापन र जैविक विविधता संरक्षण कार्यक्रम
झ) चुरे लगाएत अन्य जोखिमपूर्ण क्षेत्रको व्यवस्थापन कार्यक्रम
ञ) वनमा लाग्ने रोग, कीरा, खडेरी, डढेलो र मिचाह प्रजातिको प्रकोप न्यूनीकरण र व्यवस्थापन
ट) अनुकूलन, रेड प्लस तथा स्वच्छ विकास संयन्त्र कार्यक्रम
ठ) पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम र स्थानीय स्तरबाट संरक्षण कार्यमा गरिएको योगदानबाट प्राप्त वातावरणीय सेवा वापत भुक्तानी गर्ने प्रणालीको विकास र विस्तार
ड) जलवायु परिवर्तन सम्बन्धमा आवश्यक नीति, ज्ञान, प्रचार, प्रसार, संचार, अनुसन्धान र विकास कार्यक्रम
ढ) जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरण सम्बन्धी अन्य कार्यक्रमहरू

**दोस्रो चरण: जलवायु परिवर्तन व्यवस्थापनमा पुर्याउने योगदानको क्षेत्र पहिचान गर्ने**

यस चरणमा पहिलो चरणबाट जलवायु सान्दर्भिक भनी "छ" संकेत गरिएका कार्यक्रमहरू मध्ये कुन कुन कार्यक्रमले अनुकूलन वा न्यूनीकरण के मा योगदान गर्दछन् भन्ने पहिचान गर्नुपर्दछ। कार्यक्रमले अनुकूलनमा योगदान गर्ने भए "अ", न्यूनीकरणमा योगदान गर्ने भए "न्यू" र दुवैमा योगदान गर्ने भए "दु" संकेत दिनुपर्दछ। यस्तो संकेत कार्यक्रम विवरण तालिकामा थप गरिएको मध्ये दोस्रो कोलम (जलवायु व्यवस्थापनको क्षेत्र) मा दिनुपर्दछ। यस संकेतको प्रयोगबाट जलवायु सान्दर्भिक कार्यक्रमहरूको कुल संख्या मध्ये कतिवटा (वा कति प्रतिशत) कार्यक्रमहरू अनुकूलन वा न्यूनीकरणसँग सम्बन्धित छन् भन्ने विश्लेषण गर्न सकिन्छ।

**तेस्रो चरण: जलवायु निर्दिष्टता पहिचान गर्ने**

पहिलो चरणमा जलवायु सान्दर्भिक भन्ने पहिचान गरिएको सबै कार्यक्रमहरूले कुनै न कुनै रूपमा जलवायु व्यवस्थापनको क्षेत्रमा योगदान पुर्याउने अपेक्षा गरिन्छ। तर के ती कार्यक्रमहरू प्रस्ताव गर्दा जलवायुसँग सम्बन्धित निर्दिष्ट उद्देश्य अन्तरनिहित थियो भन्ने निर्योल गर्नु आवश्यक हुन्छ। उदाहरणको लागि कुनै खाली जमिनमा वृक्षारोपण गर्ने कार्यक्रम जलवायु सान्दर्भिक कार्यक्रम हो जसले अनुकूलनल र न्यूनीकरण दुवै क्षेत्रमा योगदान गर्दछ तर उक्त वृक्षारोपण कार्यक्रम प्रस्ताव गर्दा अनुकूलन र न्यूनीकरण सम्बन्धी उद्देश्य राखिएको वा नराखिएको दुवै हुन सक्दछ।

तसर्थ पहिलो चरणबाट जलवायु सान्दर्भिक भनी "छ" संकेत गरिएका कार्यक्रमहरू मध्ये कुन कुन कार्यक्रमले जलवायु उत्थानशीलता (अनुकूलन वा न्यूनीकरण) सम्बन्धी निर्दिष्ट उद्देश्य राखेका छन् अथवा कुन कुन कार्यक्रम साँच्चै जलवायु लक्षित कार्यक्रम हुन् भन्ने पहिचान गर्न तल तालिकामा दिईएका ३ वटा आधारहरू लिनु पर्दछ।

**जलवायु लक्षित कार्यक्रम पहिचान गर्ने आधारहरू**

| | | |
|---|---|---|
| १) कार्यक्रमले कुनै क्षेत्र, समुदाय वा स्थान विशेषको जलवायु संकटासन्नता र जोखिम न्यूनीकरण गर्ने स्पष्ट र विशिष्ट उद्देश्य राखेको छ ? | छ | छैन |
| २) कार्यक्रमले लक्षित समूहको पहिचान सहित जलवायु उत्थानशीलता (अनुकूलन र न्यूनीकरण) को उद्देश्य राखेको छ ? | छ | छैन |
| ३) कार्यक्रमले वातावरण संरक्षण ऐन, जलवायु परिवर्तन नीति, राष्ट्रिय निर्धारित योगदान (एनडिसि), राष्ट्रिय अनुकूलन कार्यक्रम, स्थानीय अनुकूलन योजना, राष्ट्रिय अनुकूलन योजना, दीगो विकासका लक्ष्यहरू साथै रेड प्लस लगायतका जलवायु समद्ध नीतिले हासिल गर्न खोजेको उद्देश्य प्राप्तिमा टेवा पुर्याउँछ ? | छ | छैन |

कुनै कार्यक्रमको लागि माथिका ३ आधार मध्ये कम्तिमा २ आधारको उत्तर "छ" भन्ने भएमा उक्त कार्यक्रमलाई "अति निर्दिष्ट" (अ.नि.), १ आधारको उत्तर "छ" भन्ने आएमा "निर्दिष्ट" (नि) र सबै आधारको उत्तर "छैन" भन्ने आएमा "निर्दिष्ट नभएको" (नि.न.) भनी संकेत दिनुपर्दछ । यस्तो संकेत कार्यक्रम विवरण तालिकामा थप गरिएको मध्य तेस्रो कोलम (जलवायु निर्दिष्टता) मा दिनुपर्दछ । यस संकेतको प्रयोगबाट प्रस्ताव गरिएको जलवायु सान्दर्भिक कार्यक्रमहरू साच्चिकै जलवायु व्यवस्थापनप्रति लक्षित छन् कि छैनन् भन्ने विश्लेषण गर्न सकिन्छ ।

**चौथो चरण: जलवायु सान्दर्भिक बजेट निर्क्योल**

योजनामा प्रस्तावित कुनै कार्यक्रम अन्तर्गत एक भन्दा धेरै कृयाकलापहरू सम्पादन गर्नुपर्ने हुन्छ, जुन सामान्यतया कार्यक्रमहरूको क्रममा विस्तृत परियोजना प्रस्ताव वा लागत अनुमान तयार गरेपछि मात्रै पहिचान हुन्छ । तैपनि योजना तर्जुमाको क्रममा थप कृयाकलापहरू र तिनीहरूको कार्यान्वयनमा हुने खर्चको सामान्य अनुमान गर्न सकिन्छ ।

पहिलो जलवायु सान्दर्भिक कार्यक्रमको रूपमा पहिचान भई "छ" संकेत गरिएको कार्यक्रमहरू अन्तर्गत सम्पादन गरिने सबै कृयाकलापहरू जलवायु सान्दर्भिक हुन्छन् भन्ने छैन । त्यसैले यो चरणमा प्रत्येक "जलवायु सान्दर्भिक" कार्यक्रम अन्तर्गत सम्पादन गरिने कृयाकलापहरूमध्ये जलवायु सान्दर्भिक कृयाकलापहरूको अनुमान गरी उक्त कार्यक्रमको लागि विनियोजित कूल बजेट मध्ये जलवायु सान्दर्भिक कृयाकलापहरूमा खर्च हुने अपेक्षा गरिएको बजेट अनुमान गर्नुपर्दछ । यस्को निम्ति कूल बजेटको कति प्रतिशत जति जलवायु सान्दर्भिक कार्यक्रममा खर्च हुन्छ भन्ने अनुमानको आधारमा जलवायु सान्दर्भिक बजेट अंकमा (बजेट विवरणमा रहेको समान इकाई जस्तैः रु. हजार वा लाखमा) लेख्नुपर्दछ । यस्तो अंक कार्यक्रम विवरण तालिकामा थप गरिएको मध्ये चौथो वा अन्तिम कोलम (जलवायु सान्दर्भिक बजेट) मा लेख्नुपर्दछ. । यो विवरणबाट कुनै निकाय वा समग्र वन तथा वातावरण क्षेत्रमा कति रकम (वा कूल बजेटको कति प्रतिशत) जलवायु सान्दर्भिक कृयाकलापहरूमा (अनुकूलन र न्यूनीकरणको छुट्टाछुट्टै समेत) खर्च हुने अपेक्षा गरिएको छ भन्ने विश्लेषण गर्न सकिन्छ ।

## ४.३ बजेट संकेत अनुसार खर्चको लेखाजोखा

जलवायु बजेट संकेतको प्रयोग गर्ने जलवायु उत्थानशीलता (अनुकूलन र न्यूनीकरण) को क्षेत्रमा भएको खर्च र सोबाट प्राप्त उपलब्धिको लेखाजोखा गर्न अनुसूची ९ र १० मा उल्लेख भएका फारमहरू प्रयोग गर्नु पर्दछ । यसरी खर्चको लेखाजोखा गर्दा वित्तीय र भौतिक प्रगति समेत देखिने गरी अनुसूचीमा उल्लेख भए अनुसार एकीकृत रूपको विवरण समेत तयार पार्नु पर्दछ । मन्त्रालय स्तरबाट मातहतका विभाग र कार्यालयका साथै प्रदेश र स्थानीय तहका वन तथा वातावरण सम्बन्धी कार्यको अनुगमन गर्दा उल्लेखित सूचनाहरूको महत्वपूर्ण भूमिका रहने हुन्छ । यसका साथै अर्थ मन्त्रालयबाट प्रत्येक वर्ष तयार पारिने आर्थिक सर्भेक्षणका लागि समेत यस्ता सूचनाहरूलाई प्रयोगमा ल्याउन सकिन्छ ।

# ५. अनुसूचीहरू

## अनुसूची १: जलवायु परिवर्तनको असर विश्लेषण

| कार्य | प्रमुख विधि | अतिरिक्त विधि |
|---|---|---|
| जलवायु परिवर्तनको क्रम र परिदृष्य विश्लेषण विधि (Climate Trend and Scenarios Analysis) | १ जलवायु (तापक्रम, वर्षा र अतिसय घटना) को विगत ३० वर्षको तथ्यांक र यस सम्बन्धी उपलब्ध एवं प्रकाशित सामग्रीहरूको विश्लेषण<br>२. जलवायु (तापक्रम, वर्षा र अतिसय घटनाको) सम्बन्धी परिदृष्यको तथ्यांक र यस सम्बन्धी उपलब्ध एवं प्रकाशित सामग्रीहरूको विश्लेषण | १. ऐतिहासिक समयरेखा विश्लेषण<br>२. समुदाय र स्थानीय स्तरमा जलवायु परिवर्तन सम्बन्धी अनुभूति विश्लेषण |
| प्रकोपको विश्लेषण विधि | १. प्रकोपको नक्शांकन (GIS, Remote sensing and other tools)<br>२. जलवायुजन्य प्रकोपको समयरेखा (प्रवृत्ति) विश्लेषण<br>३. प्रकोपको स्तरीकरण | १. स्रोतको नक्शांकन<br>२. प्रकोपको क्रमलाई ऐतिहासिक समयरेखा विश्लेषण<br>३. प्रकोप मौसमी पात्रो |

## अनुसूची २: जलवायु सकंटासन्नता तथा अनुकूलन र न्यूनीकरण मूल्यांकन विधि

| कार्य | प्रमुख विधि | अतिरिक्त विधि |
|---|---|---|
| प्रभाव, संकटासन्नता र जोखिम विश्लेषण विधि | १. स्रोत, साधनको वितरण प्रणाली र त्यसमा समुदायको निर्भरता र पहुँच विश्लेषण (Gateway System Analysis)<br>२. प्रकोपबाट सिर्जित विपद्को असर, प्रभाव, क्षति नोक्सानीको विश्लेषण म्याट्रिक्स<br>३. वन, प्राकृतिक स्रोत र जैविक विविधतामा जलवायुजन्य जोखिम (वन डढेलो, रोग कीरा, मिचाहा प्रजातिका वनस्पतिहरूको फैलावट) जोखिम पहिचान<br>४. समुदाय र प्राकृतिक स्रोतको जोखिम र संकटासन्नताको स्तरीकरण<br>५. संकटासन्नता र जोखिम मापन म्याट्रिक्स<br>६. सहभागिता मुलक परिदृष्य बिकास (Participatory Scenario Development) | १. अन्य विधि (GIS, and other tools)<br>२. पारिस्थितिकीय प्रणालीको नक्शांकन<br>३. कारण तथा असर विश्लेषण<br>४. भौगोलिक सूचना प्रणाली (GIS)<br>५. घरधुरी, वडा, टोल र समुदायको सम्पन्नता स्तरीकरण<br>६. जोखिम र समस्या विश्लेषण खाका |
| अनुकूलन र न्यूनीकरण क्षमताको विश्लेषण विधि | १. जलवायु अनुकूलन र न्यूनीकरण क्षमता परिकल्पना<br>२. सामर्थ्यता र अनुकूलन, न्यूनीकरण रणनीतिको मूल्यांकन<br>३. सामर्थ्यता र अनुकूलन, न्यूनीकरण प्रविधिहरूको प्रभावकारिताको विश्लेषण | १. नीतिगत, संस्थागत संरचना र सरोकारवालाको विश्लेषण<br>२. सेवा प्रदायक संस्थाहरूको विश्लेषण (VENN Diagram) |

# अनुसूची ३: जलवायु अनुकूलन र न्यूनीकरण कार्यहरूको पहिचान विधि

| कार्य | प्रमुख विधि | अतिरिक्त विधि |
|---|---|---|
| अनुकूलन र न्यूनीकरण कार्यको पहिचान विधि | १. सहभागितामूलक अनुकूलन र न्यूनीकरण कार्यको पहिचान (समुदाय, स्थानीय सरकार र सरोकारवाला सम्मिलित)<br>२. सामर्थ्यता र अनुकूलन र न्यूनीकरण रणनीतिको मूल्यांकन<br>३. अनुकूलन र न्यूनीकरण कार्यहरूको प्राथमिकीकरण म्याट्रिक्स<br>४. बहुआधार स्तरीकरण<br>५. लागत र लाभ विश्लेषण (Cost and Benefit Analysis)<br>६. सहभागिता मूलक परिदृश्य योजना निर्माण (Participatory Scenario Planning) | १. जलवायु अनुकूलन र न्यूनीकरण उपयुक्त प्रविधि र असल अभ्यासको पहिचान<br>२. स्थानीय ज्ञान र प्रविधिको विश्लेषण<br>३. जोडागत स्तरीकरण<br>४. उर्जा 'पाथवेज' पहिचानका परिदृश्य विधि |
| वन तथा वातावरण क्षेत्रका नियमित कार्यलाई जलवायु उत्थानशील बनाउने विधि | १. जलवायु छनौट बिधि (Climate Screening Tool)<br>२. वन तथा वातावरण क्षेत्रका नियमित कार्यलाई जलवायु परिवर्तनले पार्ने सम्भावित जोखिम तथा विकासका कार्यले वातावरण र जलवायुमा पार्न सक्ने जोखिमको नक्साङ्कन<br>३. जोखिम न्यूनीकरण कार्यको पहिचान<br>४. जलवायु उत्थानशील विकासका कार्यहरूको प्राथमिकीकरण म्याट्रिक्स<br>५. बहुआधार स्तरीकरण<br>६. स्थलगत प्रमाणीकरण (Field Verification) | १. लागत र लाभ विश्लेषण (Cost and Benefit Analysis)<br>२. जोडागत स्तरीकरण<br>३. जोखिम न्यूनीकरण कार्यको प्राविधिक विश्लेषण |


## अनुसूची ४: जलवायु अनुकूलन र न्यूनीकरण कार्यहरूको प्राथमिकीकरण विधि

| प्रस्तावित योजनाहरू- उदाहरण | प्राथमिकीकरणका मापदण्डहरू | | | | |
|---|---|---|---|---|---|
| | महिला, संकटासन्न घरधुरी तथा समुदायको जीविकोपार्जनलाई सहयोग गर्ने (अति कम, कम, मध्यम, बढी, उच्च) | वन, प्राकृतिक स्रोत, र जैविक विविधता र जीविकोपार्जनका स्रोतमा जलवायु परिवर्तनका नकारात्मक असर लाई घटाउन सक्ने (अति कम, कम, मध्यम, बढी, उच्च) | वन डढेलो र मिचाहा प्रजातिका वनस्पतिहरूको जोखिम न्यूनीकरण गर्ने (अति कम, कम, मध्यम, बढी, उच्च) | कार्बन सञ्चिति बढी गर्ने र हरितगृह ग्यास उत्सर्जन कम गर्ने । पारिस्थिकीय प्रणाली र प्राकृतिक स्रोतको दीगो उपयोग, संरक्षण र सम्वर्धन गर्ने (अति कम, कम, मध्यम, बढी, उच्च) | स्थानीय, प्रादेशिक र राष्ट्रिय प्राथमिकतालाई (जलवायु नीति, आवधिक योजना) सम्वोधन गर्ने (अति कम, कम, मध्यम, बढी, उच्च) |
| वैज्ञानिक वन व्यवस्थापन | | | | | |
| कृषिवन प्रणालीको विस्तार | | | | | |
| भू तथा जलाधार संरक्षण कार्यक्रम | | | | | |
| कवुलियत वन कार्यकम | | | | | |
| स्थानीय अनुकूलन योजना निर्माण | | | | | |
| रेड कार्यक्रम | | | | | |
| जडिवुटी नर्सरी स्थापना | | | | | |
| अग्निरेखा निर्माण | | | | | |
| पर्यापर्यटन विस्तार (होम स्टे प्रवर्धन) | | | | | |
| वन अतिक्रमण नियन्त्रण, सहजीकरण र अनुगमन | | | | | |
| पश्चिम पहाड भू-परिधि नमूना कार्यक्रम | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा वन्यजन्तु उद्धार | | | | | |
| मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा वन्यजन्तु उद्धार | | | | | |
| वृक्षरोपण (बारबेर, गोडमेल, पुनरोपण, संरक्षण अनुदानसमेत) | | | | | |
| जडिवुटी उत्पादन, खेती विस्तार, भण्डारण | | | | | |

(नोटः LMBIS को आवश्यकता तथा प्रबिष्ठलाई व्यवहारिक बनाउन माथि उल्लेखित योजनाका नामहरू सरलिकृत गर्न सकिने)

## अनुसूची ५: जलवायु उत्थानशील कार्यक्रम छनौट औजार (Screening Tools)



## अनुसूची ६: जलवायु बजेट कोडिङका आधारहरू

हाल प्रयोगमा रहेको जलवायु बजेट संकेत निर्धारण (कोडिङ) गर्ने तरिका बमोजिम प्रत्येक कार्यक्रम तहमा जलवायु परिवर्तनका दृष्टिले अत्यन्त सान्दर्भिक वा सान्दर्भिक वा तटस्थ के हो छुट्याउने सन्दर्भमा उपयोग गरिने जलवायु सान्दर्भिक कार्यक्रमको सूची यस प्रकार रहेको छ ।

१. प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा अभिवृद्धि गर्ने कार्यक्रम ।
२. भू-उपयोग योजना तथा जलवायु परिवर्तनको असरलाई थेग्न सक्ने उत्थानशील भौतिक पूर्वाधारको बिकास कार्यक्रम ।
३. जलवायु परिवर्तनको कारणवाट मानव स्वास्थ्यमा देखा पर्ने नकारात्मक प्रभावलाई रोकथाम तथा नियन्त्रण गर्ने कार्यक्रम ।
४. जलवायु परिवर्तनको कारणवाट खतरामा परेका जीव, जलाधार, जैविक विविधता संरक्षण जस्ता कार्यक्रम ।
५. हरित गृह ग्यासको उत्सर्जन कम गर्ने गरी गरिएको फोहरमैला व्यवस्थापन गर्ने कार्यक्रम ।
६. उर्जा, सिचांई र स्वच्छ खानेपानीका लागि जलस्रोतको दिगो उपयोग गर्ने कार्यक्रम ।
७. दिगो, आत्मनिर्भर खाद्य स्वच्छता तथा सुरक्षासँग सम्बन्धित कार्यक्रम ।
८. जलवायु परिवर्तनका कारण उत्पन्न विपद जोखिमलाई न्यून गर्ने कार्यक्रम ।
९. हरित गृह ग्यासको संश्लेषण गर्ने, उत्सर्जन कम गर्ने तथा साविकमा प्रयोग भैरहेका उर्जाका तुलनामा न्यून कार्बन उत्सर्जन गर्ने उर्जाको प्रयोग गर्नका लागि पुनः नविकरणीय एवं वैकल्पिक उर्जाको उत्पादन, प्रयोग तथा यस सम्बन्धी प्रविधिको विकास गर्ने कार्यक्रम ।
१०. जलवायु परिवर्तनसँग सम्बन्धित सूचना, शिक्षा, सञ्चार, अनुसन्धान तथा विकास एवं तथ्याङ्क व्यवस्थापन गर्ने कार्यक्रम ।
११ जलवायु परिवर्तन सम्बन्धमा आवश्यक नीति, कानून एवं कार्य योजना तयार गर्ने कार्यक्रम ।
(नोटः LMBIS को आवश्यकतालाई व्यवहारिक बनाउन माथि उल्लेखित सूचकहरूलाई सरलीकृत गर्न सकिने)

## अनुसूची ७: वन तथा वातावरण सम्बन्धी कार्यक्रम तथा क्रियाकलापहरूको नमूना

| सूचकहरू | क्रियाकलापहरू |
|---|---|
| दिगो वन व्यवस्थापन कार्यक्रम | वैज्ञानिक वन व्यवस्थापन, दिगो वन व्यवस्थापनका आधार र सूचकहरू तयार गर्ने, वैज्ञानिक वन व्यवस्थापनको समीक्षा, सहजीकरण र कार्यान्वयन |
| वातावरण संरक्षण कार्यक्रम | हरितगृह ग्यासको उत्सर्जन कम गर्ने गरी गरिएको फोहरमैला व्यवस्थापन, हरियाली प्रवर्धन कार्यक्रम, घरभित्रको वायु गुणस्तर मापन गर्ने उपकरण, सवारी साधनको धुवाँ जाँच गर्ने पोर्टेबल उपकरण खरिद, शहरी हरित उद्यान विकास कार्यक्रम |
| हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमीनमा कृषिवनको विकास कार्यक्रम | कृषि वन विकास तथा विस्तार कार्यक्रम, नदी उकास जमीनमा वृक्षारोपण कार्यक्रम, कवुलियत वन कार्यकम |
| जोखिममा रहेका सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्यक्रम | सिमसार क्षेत्र व्यवस्थापन तथा पुर्नस्थापना, ताल क्षेत्रको थिग्रीकरण न्यूनीकरण कार्यक्रम, गुरूयोजना सहितको सिमसार क्षेत्र व्यवस्थापन |
| जोखिममा रहेका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति एवं सम्वेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षण कार्यक्रम | वन अतिक्रमण नियन्त्रण, सहजीकरण र अनुगमन, मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम, वन्यजन्तु वासस्थानमा भएको परिवर्तन सम्बन्धी अध्ययन, बिरूवा उत्पादन |
| एकीकृत जलाधार तथा भू-परिधि व्यवस्थापन कार्यक्रम | नदी प्रणाली व्यवस्थापन, ताल तलैया प्रवर्धन, संरक्षण पोखरी,रेन वाटर/रनअफ हार्वेस्टिङ् ड्याम, जलपूर्नभरण, क्षतिग्रस्त भूमि पुर्नउत्थान |
| चुरे लगायत अन्य जोखिमपूर्ण क्षेत्रको व्यवस्थापन कार्यक्रम | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, जोखिमयुक्त जलाधारमा जलवायु समानुकूलन कार्यक्रम |
| वनमा लाग्ने रोग, कीरा, खडेरी, डढेलो र मिचाहा प्रजातिको प्रकोप न्यूनीकरण र व्यवस्थापन | वन डढेलो सम्बन्धी अध्ययन ,अनुगमन र सहजीकरण, डढेलो नियन्त्रणका लागि सुख्खा वन क्षेत्रमा पानी पोखरी निर्माण तथा ताल तलैया संरक्षण, घाँसे मैदान, खर्क व्यवस्थापन र मिचाहा प्रजाति नियन्त्रण |
| अनुकूलन, रेड प्लस, वैकल्पिक उर्जा तथा स्वच्छ विकास कार्यक्रम | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम, पहाडी साना किसानका लागि अनुकूलन आयोजना, पर्वतीय जलाधारहरूको जलवायु परिवर्तन समानुकूलन आयोजना, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम |
| जलवायु परिवर्तन सम्बन्धमा आवश्यक नीति, ज्ञान, प्रचार, प्रसार, संचार, अनुसन्धान र विकास कार्यक्रम | उच्च पहाडी र हिमाली क्षेत्रमा जलवायु परिवर्तन र रूख बृद्धिको अन्तर सम्बन्धबारे अध्ययन गर्ने, चरीचरणबाट हुने उत्सर्जन सम्बन्धी अध्ययन, जलवायु परिवर्तन सम्बन्धमा आवश्यक नीति तर्जुमा |

## अनुसूची ८: वन तथा वातावरण सम्बन्धी कार्यक्रमहरूलाई जलवायु बजेट संकेत दिने तरिका सम्बन्धी एक उदाहरण

**रकम (रु. लाखमा)**

| क्र.सं. | कार्यक्रम/कृयाकलाप | कुल बजेट | जलवायु सान्दर्भिकता | जलवायु क्षेत्र | जलवायु निर्दिष्टता | जलवायु वजेट प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | | | | | |
| १.१ | मुगु, जुम्ला र कालिकोटका जलवायु तथा खाद्य संकटासन्न गरीब वासिन्दाहरूको जीविकोपार्जन र क्षमता अभिवृद्धि गर्ने | ३१८२ | छ | अ | अ. नि. | १०० |
| १.२ | संरक्षणका लागि एकीकृत भू-परिधि व्यवस्थापन | ९९२ | छ | दु | नि | ७० |
| २. | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | | | | | |
| २.१ | अगरउडको incolulation प्रविधि विस्तार र डेमो प्लट निर्माण | २० | छैन | - | - | - |
| २.२ | वनजन्य उद्यम प्रवर्द्धन तथा विकास अनुदान | ३०० | छ | अ | नि. न. | १०० |
| | जम्मा | ४४९४ | छः ३,<br>छैनः १ | अः २,<br>न्यूः०,<br>दु :१ | अ. निः: १,<br>निः १,<br>नि. न : १ | |

नोटः जलवायु सान्दर्भिकता छ, छैन

जलवायु व्यवस्थापनको क्षेत्रः अः अनुकूलन, न्यूः न्यूनीकरण, दुः दुवै

जलावायु निर्दिष्टताः अति निर्दिष्ट : अ. नि., निर्दिष्टः नि., निर्दिष्ट नभएकोः नि. न.

## अनुसूची ९: जलवायु परिवर्तन सम्बन्धी बजेट तथा खर्चको प्रतिवेदन फारम

**आार्थिक वर्ष:**

| बजेट उप शिर्षक तथा कार्यक्रम | कुल कार्यक्रम | | जलवायु सान्दर्भिक कार्यक्रम | | जलवायु निर्दिष्ट (लक्षित) कार्यक्रम | | जलवायु सान्दर्भिक बजेट र खर्च | |
|---|---|---|---|---|---|---|---|---|
| | स्वीकृत बजेट | वास्तविक खर्च | स्वीकृत बजेट | वास्तविक खर्च | स्वीकृत बजेट | वास्तविक खर्च | स्वीकृत बजेट | वास्तविक खर्च |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट:

१. यो फारम मन्त्रालयको आर्थिक प्रशासन शाखाले वार्षिक रूपमा तयार पार्नु पर्दछ ।

२. मन्त्रालयको योजना, विकास सहायता तथा समन्वय महाशाखाले वार्षिक रूपमा यसको विश्लेषण गर्नेछ ।

३. जलवायु सान्दर्भिक बजेटको हिसाव गर्दा प्रत्येक कार्यक्रमको स्वीकृत बजेट मध्यको जलवायु बजेटको प्रतिशत (अनुसूची ८ को अन्तिम कोलम अनुसार) बाट गर्नुपर्दछ र खर्चको हिसाव गर्दा उक्त कार्यक्रमको कूल बजेट मध्य कति प्रतिशत खर्च भएको हो त्यही प्रतिशतलाई आधार मानि जलवायु सान्दर्भिक खर्च निकाल्नुपर्दछ ।

# अनुसूची १० : जलवायु परिवर्तन सम्बन्धी खर्चको विवरणात्मक प्रतिवेदन

आर्थिक वर्ष.......

**१. जलवायु परिवर्तन सम्बन्धी खर्चको विवरणात्मक विश्लेषण**

**२. तथ्यगत विवरण**

| **जलवायु परिवर्तनको सान्दर्भिकता** | **खर्च रु (000)** | | | **कैफियत** |
|---|---|---|---|---|
| | **आ.व.** | **आ.व.** | **आ.व.** | |
| अनुकूलन | | | | |
| न्यूनीकरण | | | | |
| अनुकूलन तथा न्यूनीकरण मिस्रित | | | | |
| जम्मा | | | | |
| प्रतिवेदन अवधि सम्मको मुख्य मुख्य उपलब्धि :<br><br>खर्च र उपलब्धि प्रवृतिको विश्लेषण :<br><br>अवसर र चुनौतिहरू : | | | | |

**३. निष्कर्ष सहितको विश्लेषण**

द्रष्टव्य

१. यो फारम मन्त्रालयको आर्थिक प्रशासन शाखाको सहयोगमा योजना शाखाले वार्षिक रूपमा तयार पार्नु पर्दछ ।

२. यस प्रतिवेदनका आधारमा अर्थ मन्त्रालयमा आर्थिक सर्भेक्षणका लागि पठाइने विवरण तयार पार्नु पर्दछ ।

## अनुसूची ११ : परामर्शमा सहभागी संस्था तथा व्यक्तिहरू

| S.N | Name | Organization |
|---|---|---|
| 1. | Mr. Mahesh Kharel | National Planning Commission |
| 2. | Mr. Pashupati Nath Koirala | Ministry of Forests and Environment |
| 3. | Mr. Suman Subedi | Ministry of Forests and Environment |
| 4. | Mr. Mohan Bishwokarma | Ministry of Forests and Environment |
| 5. | Mr. Sujan Maharjan | Ministry of Forests and Environment |
| 6. | Mr. Laxmi Raj Joshi | Division Forest Office, Lalitpur |
| 7. | Ms. Durga Pokharel | Sub Division Forest Office, Godawari, Lalitpur |
| 8. | Ms. Prema Thapa | Sub Division Forest Office, Bungmati, Lalitpur |
| 9. | Ms. Laxmi Baral | Division Forest Office, Lalitpur |
| 10. | Mr. Thir Prasad Koirala | Division Forest Office, Salyan |
| 11. | Mr. Bishnu Bhandari | Soil and Watershed Management Office |
| 12. | Mr. Binod Gyawali | Soil and Watershed Management Office |
| 13. | Mr. Mikmar Tamang | Soil and Watershed Management Office |
| 14. | Mr. Bishnu Shrestha | National Park and Biodiversity Conservation Department |
| 15. | Mr. Rajesh Poudel | Division Forest Office, Baglung |
| 16. | Mr. Dhananjaya Lamichhane | Division Forest Office, Kaski |
| 17. | Mr. Tilak Thapa | Division Forest Office, Kaski |
| 18. | Mr. Kedar Poudel | Gandaki Province Forest Directorate |
| 19. | Mr. Bishnu Prasad Bhandari | Ministry of Industry, Tourism Forest and Environment, Gandaki Province |
| 20. | Mr. Diwakar Poudel | Ministry of Industry, Tourism, Forest and Environment, Gandaki Province |
| 21. | Mr. Dev Raj Gautam | Hario Ban Program |
| 22. | Mr. Nabin Dhungana | Hario Ban Program |
| 23. | Mr. Apar Paudyal | UNDP |
| 24. | Mr. Madhukar Upadhaya | Climate Budget coding expert, UNDP |
| 25. | Dr. Keshab Gautam | CCMD, Ministry of Forests and Environment |
| 26. | Dr. Sindhu Dhungana | Ministry of Forests and Environment |
| 27. | Dr. Maheshwar Dhakal | CCMD, Ministry of Forests and Environment |
| 28. | Dr. Ram Prasad Lamsal | Ministry of Forests and Environment |
| 29. | Dr. Bimal Raj Regmi | OPM-PIF |
| 30. | Dr. Popular Gentle | OPM-PIF |
| 31. | Ms Rudriksha Rai Parajuli | DFID |
| 32. | Mr. Dinanath Bhandari | OPM-PIF |

## अनुसूची १२: सन्दर्भ सामग्री


- Alhassan, S . and Hadwen, W . (2017) . Challenges and Opportunities for Mainstreaming Climate Change Adaptation into WaSH Development Planning in Ghana . *International Journal of Environmental Research and Public Health*, 14(7), p .749 .
- Anukulan Bitako Jawafdehitaka Laagi Pahal . (2014) . Clean Energy Nepal .
- Carl Folke, Steve Carpenter, Thomas Elmqvist, Lance Gunderson, CS Holling and Brian Walker . (2002) . *Resilience and Sustainable Development: Building Adaptive Capacity in a World of Transformations* . Ambio Vol . 31 No . 5
- CBS, (2017) . *National Climate Change Impact Survey 2016: Statistical Report* . Central Bureau of Statistics, Government of Nepal: Kathmandu
- David Eckstein, Vera Künzel and Laura Schäfer, (2018) . *Global Climate Risk Index 2018* . German Watch: Bonn . www .germanwatch .org/en/cri
- GoN, (2011) . *National Framework on Local Adaptation Plans for Action* . Government of Nepal, Ministry of Environment: Kathmandu
- GoN, (2017) . *Climate Finance Handbook for the Federal Parliament, Provincial and Local Assemblies .* Government of Nepal and UNDP, Nepal
- Ministry of Environment, (2010) . *National Adaptation Programme of Action* . Kathmandu, Nepal
- MoF, (2017) . *Climate Change Financing Framework: A roadmap to systematically strengthen climate change mainstreaming into planning and budgeting* . Ministry of Finance, Government of Nepal: Kathmandu
- MoFALD, (2018) . *Synopsis of district climate public expenditure and institutional review* . Ministry of Federal Affairs and Local Development, Government of Nepal: Kathmandu
- MoFE, (2018) . *Nepal National REDD+ Strategy* . Ministry of Forest and Environment, Government of Nepal: Kathmandu
- MoFE, (2019) . *National Climate Change Policy* . Ministry of Forest and Environment, Government of Nepal: Kathmandu
- MoPE, (2016) . *Approach Paper of National Adaptation Plan Preparation Process* . Ministry of Population and Environment, Government of Nepal: Kathmandu
- MoPE, (2012) . Strategic Program for Climate Resilience . (n .d .) . [eBook] Available at: https://www .mope .gov .np/download/SPCR%20Doc_final%20version .pdf . faed5f3a95c4a46c493cc932ba21cc66 [Accessed 22 Oct . 2018] .
- NPC, (2011) . *Climate Resilience Planning (Working Document)* . National Planning Commission, Government of Nepal: Kathmandu
- NPC, (2012) . *Climate Change Budget Code, Documenting the National Process of Arriving at Multi-sectoral Consensus, Criteria and Method* . National Planning Commission, Nepal: Kathmandu
- NPC, (2013) . *Thirteenth Periodic Plan* . National Planning Commission, Nepal: Kathmandu
- NPC, (2019) . *Approach Paper of Fifteenth Periodic Plan* . National Planning Commission, Nepal: Kathmandu
- NPC, (2019) . *Long Term Vision of Nepal* . National Planning Commission, Nepal: Kathmandu
- Rai, N ., Huq, S . and Huq, M . (2014) . Climate resilient planning in Bangladesh: a review of progress and early experiences of moving from planning to implementation . *Development in Practice*, 24(4), pp . 527-543 .

- Rohini Kohli . (2018) . Integrating climate change adaptation into planning and budgeting, UNDP, Regional Dialogue on Climate Resilient Growth and Development . [eBook] Available at: https://www .climatefinance-developmenteffectiveness .org/regional-dialogue-event/img/day2/S3-Integrating-CCA-into-Planning-and-Budgeting .pdf [Accessed 5 Dec . 2018] .
- Strategic Program on Climate Resilience (SPCR) . Government Of The Philippines Risk Resiliency And Sustainability Program Phase II (RRSP Phase 1: 2018 - 2022) . (2017) . [eBook] The Government of the Philippine . Available at: https://www .climateinvestmentfunds .org/sites/cif_enc/files/ppcr_strategic_program_for_climate_resilience_for_philippines .pdf [Accessed 26 Nov . 2018] .
- UNDP . (2014) . Climate Change Public Expenditure and Institutional Review (CPIER) Sourcebook . (n .d .) . [eBook] Available at: https://www .climatefinance-developmenteffectiveness .org/sites/default/files/documents/15_11_14/Session_4CCPER_Budget_Process_Bangkok_2014_Oct-31 .pdf [Accessed 26 Nov . 2018] .
- UNDP, (2017) . Problems and Solutions for Climate Change Resilience and Adaptation in Mozambique . [EBook] . Available at: http://www .acdi .uct .ac .za/sites/default/files/image_tool/images/450/Research/UNDP_ACDI_UEM_Technical%20Report .pdf [Accessed 2 Dec . 2018] .
- UNPEI, (2011) . *Mainstreaming Climate Change Adaptation into Development Planning: A Guide for Practitioners* . United Nations Poverty and Environment Initiative . www .unpei .org
- US Government . (2016) . Opportunities to Enhance the Nation’s Resilience to Climate Change . [eBook] The White House, Washington . Available at: https://toolkit .climate .gov/sites/default/files/finalresilienceopportunitiesreport .pdf [Accessed 5 Dec . 2018] .
- USAID, (2017) . *Climate Risk in Nepal: Country Risk Profile* . USAID .


**Abbreviation of the Reference**

CBS: Central Bureau of Statistics; GoN: Government of Nepal; MoF: Ministry of Finance; MoFALD: Ministry of Federal Affairs and General Administration; MoFE: Ministry of Forests and Environment; MoPE: Ministry of Population and Environment; NPC: National Planning Commission; UNDP: United Nations Development Program